शे फोक्सुण्डो गाउँपालिकाको

स्थानीय अनुकूलन कार्ययोजना

(२०८०/८१-२०८४/८५)

शे फोक्सुण्डो गाउँपालिका

ཤེལ་ཕུ་སུམ་མདོ་གྲོང་སྡེ་སྒྲིག་ལྷན་ཁང་།

गाउँ कार्यपालिकाको कार्यालय

साल्दाङ, डोल्पा

कर्णाली प्रदेश, नेपाल

२०८०

सर्वाधिकार ©शे फोक्सुण्डो गाउँपालिका, डोल्पा

योजनाको नामः स्थानीय अनुकूलन कार्ययोजना, २०८०/८१-२०८४/८५

तयार गरिएको वर्षः २०८०

तयार गर्नेः शे फोक्सुण्डो गाउँपालिका, डोल्पा

आर्थिक सहयोगः नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम-दोस्रो चरण (NCCSP-2) र शे फोक्सुण्डो गाउँपालिका

प्राविधिक सहयोग : भर्डेन्ट इन्जिनियरिङ एण्ड इन्भाइरोमेन्टल सभिसेस् प्रा.लि. काठमाण्डौ

शब्दावलीहरु

१. **Weather** (मौसम): पृथ्वीको वायुमण्डलमा हरेक दिन परिवर्तन भई रहने तापक्रम, वर्षा, वायुको चाप, आर्द्रता आदिको अवस्थालाई मौसम भनिन्छ । यो प्रत्येक दिन, हप्ता र महिनामा परिवर्तन भईरहन्छ ।

२. **Climate (जलवायु):** लामो अवधिको (करिव ३० वर्ष) मौसमको सरदर अवस्थालाई जलवायु भनिन्छ । सामान्यतया जलवायु स्थान, ऋतु विशेष अनुसार स्थिर रहन्छ । यसका सूचकहरु (Paramaters) मौसमको जस्तै हुन ।

३. **Climate Change (जलवायु परिवर्तन):** लामो समयको अन्तराल एवं दीर्घकालिन अवधिमा जलवायुका विभिन्न तत्वहरुमा भएको औसत परिवर्तनलाई जलवायु परिवर्तन भनिन्छ । पृथ्वीको सन्तुलन खलबलीने गरि हजारौं वर्ष देखि मानवले महशुस गर्दै भोग्दै र बुझ्दै आएको जलवायुमा हुने फरक तथा बदलावलाई नै जलवायु परिवर्तन भनिन्छ ।

४. **Green House Gases-GHGs (हरितगृह ग्याँस)**: वायुमण्डलमा विश्वव्यापी रुपमा तापक्रम उष्णीकरण र जलवायु परिवर्तनको लागि जिम्मेवार रहेका ग्याँसहरुलाई हरितगृह ग्याँस भनिन्छ । क्योटो अभिसन्धि १९९७ को अनुसूची १ अनुसार हरितगृह ग्याँस अन्तर्गत कार्वनडाई अक्साईड (CO2), मिथेन (CH4), नाईट्रस अक्साइड (NO), हाईड्रोफ्लोरो कार्वन (HFC), परफ्लोरो कार्वन Perfloro Carbons (PFC), सल्फर हेक्जाफ्लोराईड (Sulphur Hexafloride (SF6) गरि ६ किसिमका ग्याँसहरु पर्दछन् कतारको दोहामा सम्पन्न CoP ले नाइट्रोजन ट्राईफ्लोराईड (NF3) लाई थप गरेकोले हरितगृह ग्याँसको संख्या ७ पुगेको छ ।

५. **जलवायु परिवर्तन सम्बन्धि सयुक्त राष्ट्रसंघीय प्रारुप महासन्धि १९९२ (UNFCCC):** जलवायु परिवर्तन सम्बन्धि सयुक्त राष्ट्रसंघीय महासन्धि (United Nation Framework Convention on Climate Change) १९९२ मा रियो दि जेनेरियोमा भएको पृथ्वी सम्मेलनबाट स्थापना भएको सयंन्त्र हो । यो विश्वका बिभिन्न राष्ट्रहरुले विश्वमा जलवायु परिवर्तन भइरहेको महसुस गरेर त्यसका लागि बनेको महासन्धि हो । यसलाई १९३ देशहरुले अनुमोदन गरेका छन् भने १९९४ देखि कार्यान्वयन भएको हो । यस महासन्धिको मुख्य उदेश्य वायुमण्डलमा हरितगृह ग्याँसलाई प्रतिवद्धता अनुसारको मात्रामा निश्चित समयभित्र स्थिर राख्दै जलवायु परिवर्तन न्यूनीकरण विश्वव्यापि प्रयास गर्नु र परिवर्तनका असरहरुलाई समेत न्यूनीकरण गरि अनुकूलन क्षमता बढाउनु रहेको छ ।

६. **पक्ष राष्ट्रहरुको सम्मेलन (Conference of Parties):** पक्ष राष्ट्रहरुको सम्मेलन वा कन्फ्रेन्स अफ पार्टीज भन्नाले UNFCCC का पक्ष देशहरुको सम्मेलनलाई जनाउँछ । यो UNFCCC को सबैभन्दा शक्तिशाली निकाय हो र यो सम्मेलन वर्षमा एक पटक हुने गर्दछ । अघिल्लो वर्ष इजिप्टको शार्म अल शेखमा विश्व जलवायु परिवर्तन कोप २७ नोभेम्बर ६ देखि १८ मा सम्पन्न भएको थियो । सोहि सम्मेलनमा नेपालले अनुकूलन, जलवायु वित्तीय सहयोग, हानि नोक्सानीमा वित्तीय सहयोग, पर्वतीय क्षेत्रका विशिष्ट मुद्दा र न्यूनीकरण गरि पाँच वटा मुख्य एजेन्डाहरु प्रस्तुत गरेको थियो ।

७. **जलवायु परिवर्तन सम्बन्धि अन्तरसरकारी निकाय (Inter governmental Panel on Climate Change, IPPCC):** जलवायु परिवर्तन सबन्धी अन्तरसरकारी निकायले जलवायु परिवर्तन सम्बन्धि आधिकारिक सत्य वैज्ञानिक ज्ञान र बुझाइ प्रदान गर्दछ । यो जलवायु परिवर्तनलो क्षेत्रमा कार्यरत वैज्ञानिकहरुको अंतर्राष्ट्रिय संयन्त्र हो । यो सन्

१९८८ मा स्थापित अन्तरसरकारी निकाय हो जसले मानव सिर्जित जलवायु परिवर्तनका असरहरुबारे मूल्यांकन गर्दछ । यसले सन् २००७ मा नोबेल पुरस्कार समेत पाएको थियो ।

८. Adaptation (अनुकूलन): जलवायु परिवर्तनले सिर्जना गरेको चुनौतीको सामना गर्दै प्राप्त अवसरहरुको सदुपयोग गरि प्राकृतिक तथा मानव सिर्जित प्रणालीलाई अनुकुल तुल्याउने प्रकृया ।

९. Adaptive Capacity (अनुकूलन क्षमता): जलवायु परिवर्तन वा अन्य वातावरणीय समस्याहरु सँग अनुकूलन हुन सक्ने क्षमतालई अनुकूलन क्षमता भनिन्छ । अनुकूलन क्षमता समुदायको आर्थिक स्रोतहरु, प्रविधिहरुमा पहुँच, जलवायु परिवर्तन सम्बन्धि सूचनाहरुमा पहुँच, सूचनाहरुको उपयोग गर्न सक्ने क्षमता, संस्था र स्रोतको न्यायोचित वितरणसँग सम्बन्धित हुन्छ । अनुकूलन क्षमता विकाससँग पनि सम्बन्धित हुन्छ, जस्तै जति बढी राष्ट्र वा समुदाय विकसित हुन्छ अनुकूलन क्षमता पनि उत्तिनै बढी हुन्छ ।

१०. Bottom-Up (उर्ध्वगामी): स्थानीय समुदाय, लक्षित समुह, सबै सरोकारवाला र व्यक्तिहरुको प्रत्यक्ष सहभागितामा तयार गरिएको कार्ययोजना ।

११. समावेशिता (Inclusiveness): कुनै पनि कार्यक्रम, कार्ययोजना तर्जुमा तथा कार्यान्वयन एंव सो को निर्णय प्रक्रियामा सरोकारवाला व्यक्ति तथा समुदाय जस्तै महिला, दलित, विपन्न तथा सीमान्तकृत समुदायको सार्थक सहभागिताको निश्चितता गर्नु समावेशिता हो ।

१२. Risk (जोखिम): जलवायु परिवर्तनका कारण हुन सक्ने हानी नोक्सानी ।

१३. Risk Prone (जोखिम उन्मुख): जलवायु परिवर्तनका कारण हुन सक्ने हानी नोक्सानी उन्मुख रहेको स्थिति।

१४. Resilience (समानुकुलन): जलवायु परिवर्तन जन्य असहज परिस्थितीको सामना गर्न, जीविकोपार्जनका चुनौतीलाई सम्वोधन गर्न र जीवनस्तरलाई सामान्यीकरण गर्न आँफुलाई सक्षम वनाउने प्रकृया ।

१५. Sensitivity (संवेदनशीलता): जलवायु परिवर्तनको कारणले कुनै पनि प्रणालीलाई सकारात्मक वा नकारात्मक रुपमा पार्ने प्रभावको परिणाम वा अवस्थालाई संवेदनशीलता भनिन्छ ।

१६. सम्मुखता: मानवीय जनधन, पारिस्थितिकीय प्रणाली, भौतिक पूर्वाधार, प्राकृतिक स्रोत, जैविक प्रजाती, वातावरणीय सेवा र साँस्कृतिक सम्पत्तिहरुमा प्रतिकूल असर देखा पर्ने अवस्था नै सम्मुखता हो ।

१७. Vulnerable (संकटासन्न): जलवायु परिवर्तनका प्रतिकूल असरप्रति संवेदनशिल प्राकृतीक तथा मानव सिर्जीत प्रणाली ।

१८. Vulnerability (संकटासन्नता): जलवायु परिवर्तनका कारण सिर्जना भएका जोखिम, खतराका प्रतिफल प्रभाव आदिसँग जुध्न सक्ने हैसियत वा क्षमतामा कमी आएको अवस्थालाई सङ्कटासन्नता भनिन्छ ।

१९. लैगिक समानता (Gender Equality): महिला तथा पुरुषबीच सानै पक्ष र तहहरुमा बराबर अवसर र बराबर लाभ हासिल भएको अवस्था नै लैगिक समानता हो ।

२०. लैगिक समायोजन (Gender Equality): भन्नाले आयोजनाको निर्माण कार्यान्वयन अनुगमन तथा मूल्यांकनका चरणहरुमा लैगिक असमानता र भिन्नतालाई पहिचान गरि सम्बोधन गर्ने प्रक्रियालाई बुझाउँछ ।

२१. प्रजनन् भूमिका (Reproductive role): यस कार्य अन्तर्गत दुई किसिमका घरायसी कामहरु पर्दछन् । (१) जैविक जस्तैः बच्चा जन्माउने र (२) सामाजिक जस्तैः बच्चाहरुको स्याहार गर्ने भान्साको काम बजार जानु परिवारको स्वास्थ्यको हेरविचार एंव अन्य घरायसी कामहरु गर्ने जुन कार्यको आर्थिक मान्यता कम हुन्छ र आम्दानी पनि हुदैन । यस्ता कममा बढी श्रम र समय लाग्दछ । महिला तथा बालबालिकाहरुले नै प्राय यस्ता काम गर्ने गर्दछन् ।

शे फोक्सुण्डो गाउँपालिका

ཤེལ་ལྷུ་སུམ་མདོ་གྲོང་སྡེ་ཕྱི་ཁྱབ་ལྷན་ཁང་།

गाउँपालिकाको कार्यालय

साल्दाङ, डोल्पा

कर्णाली प्रदेश, नेपाल

आ.व.२०७९/८०

च.न

शुभकामना

हाल विश्वव्यापी रुपमा बढ्दै गइरहेको जलवायु परिवर्तनको असरबाट संसारमा व्याप्त रहेको गरिवी र प्राकृतिक श्रोतहरु माथिको निर्भरतामा थप चुनौतिहरु सृजना गरेको छ। परिवर्तित जलवायुले ल्याएको असरहरुले विकासका कार्यक्रमहरुलाई समेत प्रत्यक्ष रुपमा असर पारेको अनुभव गरिएको छ। बाढी, हिमपात, खडेरी, हिमपहिरो, हावाहुरी, पहिरो, वन्यजन्तु आतंक, आगलागी, भूक्षय, रोगव्याद, चट्याङ्ग जस्ता प्रकोपहरु यस गाउँपालिकामा देखिएका मुख्य प्रकोपहरु हुन् । यस्ता प्रकोपहरुले यस शेफोक्सुण्डो गाउँपालिका अन्तर्गतका स्थानीय बासिन्दाहरुलाई दिन प्रतिदिन प्रतिकूल असर पार्दै आईरहेको छ । यहाँको मुख्य पेशा कृषि तथा पशुपालन हो जुन शत प्रतिशत जलवायु सँग जोडिएको हुन्छ । यहाँ देखिएको जलवायु परिवर्तनको प्रभावलाइ मध्ये नजर गरि शे फोक्सुण्डो गाउँपालिकामा स्थानीय अनुकूलन कार्ययोजना २०८० तयार गरिएको हो । यो कार्ययोजना स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय संरचना २०७६ तथा जलवायु परिवर्तन नीति २०७६ अनुरुप तयार गरिएको छ। यसरी पहिचान भएका विपद् तथा जलवायु जोखिमलाई विस्तृत रुपले ब्यवस्थापन गर्नको लागि आगामी ५ वर्षको विस्तृत कार्ययोजना तर्जुमा गरिएको छ । यस योजनालाई गाउँपालिकाको नियमित योजना तर्जुमा प्रक्रियामा समायोजन गरि सम्बन्धित सबै सरोकारवालाहरुको सहयोग, समन्वय तथा सहकार्यमा कार्यान्वयन गरिने छ । साथै यस स्थानीय अनुकूलन कार्ययोजना तयारीको प्रक्रियामा सहकार्यका लागि नेपाल जलवायु परिवर्तन कार्यक्रम २ (NCCSP2) तथा सहजीकरण गरि सहयोग गर्ने भर्डेन्ट इन्जिनियरिङ एण्ड इन्भाइरोमेन्टल सभिसेस् प्रा.लि र प्रत्यक्ष अप्रत्यक्ष रुपमा संलग्न भई सहयोग गर्नुहुने सम्पूर्णमा हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

अन्तमा यस योजनाको प्रभावकारी कार्यान्वयन प्रक्रियामा नेतृत्व एवं स्थानीय श्रोत साधन परिचालन गर्न गाउँपालिका सदैव सक्रिय रहने प्रतिबद्धताका साथै आवश्यकत श्रोतहरुको उपलब्धताको लागि सम्बन्धित सबै सरोकारवालाहरुको अझ सक्रिय सहयोग तथा सहकार्यको अपेक्षा गर्दछौं । साथै यो योजना निर्माण गर्न सहयोग गर्नुहुने सबै प्रति हार्दिक कृतज्ञताका साथ धन्यबाद ज्ञापन गर्दछु ।

.....

अध्यक्ष

धावा सम्डुक गुरुङ

शे फोक्सुण्डो गाउँपालिका

ཤེལ་གྱུ་སུམ་མདོ་གྲོང་སྡེ་ཕྱི་ཁྱབ་ལྷན་ཁག་

गाउँपालिकाको कार्यालय

साल्दाङ, डोल्पा

कर्णाली प्रदेश, नेपाल

आ.व.२०७९/८०

च.न.

शुभकामना

जलवायु परिवर्तन एक नियमित प्रक्रिया भएता पनि बढ्दो औद्योगिकरण, कलकारखाना निर्माण, वन विनाश, अव्यवस्थित शहरीकरण र सवारी साधनको बढ्दो प्रयोग जस्ता मानवीय क्रियाकलापहरुको कारण हरितगृह ग्याँसहरुको उत्सर्जनमा वृद्धि भई पृथ्वी तातिने क्रम तीब्र भइरहेको तथ्य सर्व विधित नै छ । हाल संसारकै प्रमुख समस्याको विषय बनेको जलवायु परिवर्तनको कारणले हाम्रो जस्तो अति कम विकसित राष्ट्र, अझ शे फोक्सुण्डो गाउँपालिका जस्तो प्राकृतिक श्रोत माथि पूर्ण रुपमा निर्भर रहेको स्थानका समुदायहरुमा अझ धेरै असर पारेको देखिन्छ जुन यस गाउँपालिकाका स्थानीयले प्रत्यक्ष महशुस गरिदै आएका छन । अतिवृष्टि, अनावृष्टि, खण्डवृष्टिका साथै तापक्रम वृद्धि, जाडोका दिनहरु घट्ने, हिम पहिरो, हिमपात, भूक्षय, वन तथा खेतवारीमा मिचाहा प्रजातीहरु उत्पति हुने जस्ता प्रकोपहरु हरेक वर्ष बढ्दै गइरहेको छ । जलवायु परिवर्तनका असरहरुबाट प्रभावित समुदायहरुमा पर्ने जोखिमलाइ न्यूनीकरण तथा अनुकूलित हुनको लागि यस पालिकामा बसोबास गर्ने समुदायलाइ जलवायु परिवर्तन सम्वन्धि सचेतना अभिवृद्धि गर्दै, सरोकारवालाहरु सबैको प्रत्यक्ष सहभागितामा समुदाय र घरधुरीहरुमा जलवायुको जोखिम, संवेदनशीलता र अनुकूलन क्षमताको विश्लेषण गरि यो स्थानीय अनुकूलन कार्ययोजना तयार गरिएको छ । यस कार्ययोजनाको सफल कार्यान्वयनबाट यस गाउँपालिकामा जलवायु परिवर्तनका कारण सिर्जित जोखिम, असर र प्रभावहरुको उचित सम्बोधन हुने र जलवायु उत्थानशीलता वृद्धि हुदै जाने विश्वास लिएको छु । यो स्थानीय अनुकूलन कार्ययोजना तयारीको प्रक्रियामा आर्थिक तथा प्राविधिक सहयोगका लागि नेपाल सरकार वन तथा वातावरण मन्त्रालय अन्तरगत नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम २ (NSSCP 2) र सहजीकरण गर्ने भर्डेन्ट इन्जिनियरिङ एण्ड इन्भाइरोमेन्टल सभिसेस् प्रा.लि. का साथै निरन्तर खटिने जनप्रतिनिधिहरु, कर्मचारी, शिक्षक र समाजसेवीहरुलाइ धन्यवाद ज्ञापन गर्दछु।

अन्तमा यस स्थानीय अनुकूलन कार्ययोजना सफल कार्यान्वयनको अग्रीम शुभकामनाका साथ सरोकारवालाको सक्रिय सहयोगको अपेक्षा सहित जलवायु परिवर्तन अनुकूलनको कार्यमा सँधै अग्रभागमा उभिने प्रतिवद्धता व्यक्त गर्दछु ।

.....

उपाध्यक्ष

पेमा वाङ्छेन गुरुङ

शे फोक्सुण्डो गाउँपालिका

ཤེལ་གྱུ་སུ་མ་མདོ་གྲོང་སྡེ་ཚྭ་ལྷུན་ལྷ་ཁང་།

गाउँपालिकाको कार्यालय

साल्दाङ, डोल्पा

कर्णाली प्रदेश, नेपाल

आ.व.२०७९/८०

च.न.

शुभकामना

जलवायु परिवर्तन आजको विश्वको लागि प्रमुख चुनौती बनेको छ । जलवायु परिवर्तनले ल्याएको असरहरू यस शे फोक्सुण्डो गाउँपालिकामा प्रत्यक्ष रूपमा अनुभव गरिएको छ । अनियमित वर्षा, तापक्रम वृद्धि, बाढी, विनाशकारी हावाहुरी, खडेरी, हिमपात, हिमपहिरो आदि जस्ता प्रकोपहरूले गर्दा गरिब तथा विपन्न वर्गको जीविकोपार्जनमा थप असर पारिरहेको देखिन्छ। यहाँका बासिन्दाहरु निर्वाहमुखी कृषि प्रणालीमा निर्भर रहेको हुँदा खेती प्रणालीमा विविध असरहरु देखिएका छन । विशेष गरि खडेरी, भूक्षय र मिचाह झारका कारण कृषिबाली तथा पशुहरुमा रोग तथा असर देखिएका छन । यीनै पक्षहरुको सन्दर्भलाई मध्ये नजर गरि शे फोक्सुण्डो गाउँपालिकाको अगुवाइमा तथा प्रभावित घरधुरीहरुको प्रत्यक्ष सहभागितामा र सरोकारवालाहरूको सहयोगमा स्थानीय स्तरको जलवायु जोखिमता, सवेदनशीलता तथा अनुकूलन क्षमताको विश्लेषण गरि यो स्थानीय अनुकूलन कार्ययोजना तयार गरिएको छ । यस योजनाको कार्यान्वयन पश्चात प्रभावित घरधुरी र समुदायको अनुकूलन क्षमताको विकास गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

जलवायु परिवर्तन अनुकूलन कार्ययोजना तयारीमा सहजीकरणका लागि अहोरात्र खटिने सम्पूर्ण सहजकर्ताहरुलाई धन्यवाद दिन चाहन्छु । अन्तमा यस स्थानीय अनुकूलन कार्ययोजना निर्माणमा सहजीकरण गर्ने र आर्थिक तथा प्राविधिक सहयोग गर्नु हुने सबै पक्ष तथा निकायहरुलाइ हार्दिक कृतज्ञता सहित धन्यवाद व्यक्त गर्न चाहन्छु ।

धन्यवाद।

.....

प्रमुख प्रशासकीय अधिकृत

केशवराज शर्मा

सक्षिप्त शब्दावलीहरु

NCCSP 2	: Nepal Climate Change Support Program 2
GIS	: Global Positioning System
गा.पा.	: गाउँ पालिका
NAP	: National Adaptation Plan
NAPA	: National Adaptation Program of Action
LAPA	: Local Adaptation Plan for Action
IPCC	: Intergovernmental Panel on Climate Change
MoFE	: Ministry of Forest and Environment
म.क्षे.उ.स.	: मध्यवर्ती क्षेत्र उपभोक्ता समिति
गै.स.स.	: गैर सरकारी संस्था

सारांश

जलवायु परिवर्तन र यसका प्रतिकूल प्रभावहरु समग्र विश्वकै लागि साझा चुनौतिका रुपमा अगाडि आइरहेको वर्तमान परिप्रेक्ष्यमा नेपाल सरकारले पनि यसबाट सिर्जीत तथा भविष्यमा श्रृजना हुन सक्ने प्रतिकूल प्रभावहरुसँग अनुकूलित हुन जलवायु परिवर्तन राष्ट्रिय कार्यक्रम (नापा) २०६७, जलवायु परिवर्तन नीति २०७६, वातावरण संरक्षण ऐन २०७६, वातावरण संरक्षण नियामावली २०७७ एवं स्थानीय अनुकूलन कार्ययोजना राष्ट्रिय संरचना (लापा) को राष्ट्रिय संरचना २०७६ समेत तयार गरि स्थानीय स्तरमा जलवायु परिवर्तन अनुकूलनका कार्यहरुलाइ प्राथमिकता दिँदै आइरहेको छ । वन तथा वातावरण मन्त्रालयको पछिल्लो प्रतिवेदन (Vulnerability and Risk Assessment and Identifying Adaptation Options, MoFE, 2021) अनुसार जलवायु परिवर्तन संकटासन्नता स्तरीकरणमा डोल्पा जिल्ला अति उच्च संकटासन्न स्तरमा रहेको छ । प्रतिवेदन अनुसार डोल्पा जलवायु परिवर्तनको असर एवं समस्याबाट अनुकूलित हुन कम क्षमता भएको जिल्लाको रुपमा देखिएको छ र जिल्लालाई बाढी तथा पहिरोजन्य जोखिमको अति उच्च संकटासन्न जिल्लाको रुपमा पहिचान गरिएको छ ।

जलवायु परिवर्तनका करणले यस पालिकामा गरिब, विपन्न, स्रोत साधनमा कम पहुँच भएका घरधुरीहरुको साथै महिला, बालबालिका र बृद्धाहरु बढी प्रभावित भएका छन । विभिन्न प्रोकोपहरुको कारणले खाद्य उत्पादनमा कमि भई जीविकोपार्जनमा असर पारेको छ । त्यसकारण यहाँको बासिन्दाहरुको अनुकूलन क्षमता अभिवृद्धि गर्न सहयोग पुर्याउने उदश्यले नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयको नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम-२ (NCCSP 2) को आर्थिक सहकार्यमा गाउँपालिका द्वारा स्थानीय समुदायको सकृय सहभागितामा स्थानीय अनुकूलन योजना तर्जुमा गरि कार्यान्वयन गर्न यो स्थानीय अनुकूलन कार्ययोजना तयार गरिएको छ ।

आगामी ५ वर्षको लागि तयार गरिएको यस स्थानीय अनुकूलन कार्ययोजनामा गाउँपालिकामा विद्यमान सामाजिक, मानवीय, आर्थिक, प्राकृतिक र भौतिक एवं सामुदायिक श्रोतहरु तथा जलवायु परिवर्तनबाट श्रृजीत प्रतिकूल प्रभावहरु/प्रकोपहरुको पहिचान तथा विश्लेषण गरिनुका साथै यहाँका घरधुरीहरुको जलवायु परिवर्तन संकटासन्नता तथा अनुकूलन क्षमता मूल्यांकन गरिएको छ । सोहि मूल्यांकनको आधारमा उच्च अनुकूलन परिकल्पना गर्दै प्रभावकारी अनुकूलन कार्यहरुको पहिचान तथा प्राथमिकिकरण गरि कार्ययोजना तयार भएको छ जसको सारांश तलको तालिकामा प्रस्तुत गरिएको छ ।

शिर्षक	विवरण
कार्ययोजनाले समेटेको क्षेत्र	समग्र शे फोक्सुण्डो गाउँपालिका
चार किल्ला	पूर्वमा डोल्पो बुद्ध गाउँपालिका, पश्चिममा मुगु जिल्ला र जगदुल्ला गाउँपालिका, उत्तरमा छिमेकी राष्ट्र चीन, दक्षिणमा काईके गाउँपालिका, ठूलिभेरी नगरपालिका र त्रिपुरासुन्दरी नगरपालिकाले घेरीएको छ
क्षेत्रफ़ल	१२३.०७ वर्ग कि. मि.

जनसंख्या	महिला	पुरुष	जम्मा	घरधुरी	
	१८५६	१७७९	३६३५	८६१	
जातजाति	गुरुङ (५९.१५%), डोल्पो (२९.३३%), भोटे (३.३०%), छेत्री (०.२८%), मगर (२.५९%), तामाङ (२.४५%), घले (१.०२%) र विश्वकर्मा (१.४६%)				
साक्षरता प्रतिशत	महिला (४०.३१%)	पुरुष (४९.९७%)	कुल (४५.०३ %)		
प्रमुख पेशा	कृषि, पशुपालन र व्यापार				
जलवायुको अवस्था	ठण्डा समशितोष्ण, लेकाली हावापानी, टुन्ड्रा				
जलवायु परिवर्तनको प्रभाव	• गर्मी दिन करिब ६ हप्साले बढेको र गर्मीको औसत तापक्रममा वृद्धि हुदै गएको, जाडो दिन पनि औसतमा घटेको । • वर्षा नियमित रुपमा नभई अति वृष्टि, अना वृष्टि र खण्ड वृष्टिको रुपमा वर्षा हुने गरेको। • मनसुनी वर्षा हुने महिनाहरु परिवर्तित भएका छन् । • कृषिबाली, पशुपन्छीमा नयाँ प्रकारको रोगको प्रकोप बढेको छ । • बाढी, नदी कटान, पहिरो, हिमपहिरो, खडेरीको मात्रा तथा वारम्बारता बढेको छ ।				
मुख्य जोखिम	बाढी, हिमपात, खडेरी, हिमपहिरो, पहिरो, वन्यजन्तु आतंक, हावाहुरी, भूक्षय, आगलागी, रोगव्याद, चट्याङ्ग				
संकटासन्ना वडा	अति उच्च	उच्च	मध्यम	कम	अति कम
	६,७	५	८,९	२,४	३,१
संकटासन्ना घरधुरी संख्या	अति उच्च (V4)	उच्च (V3)	मध्यम (V2)	न्यून (V1)	
	१५१	३८५	२२८	३७	
योजनाको परिकल्पना	• खानेपानीको मुहान संरक्षण, सिंचाई पोखरी निर्माण, बायो इन्जिनियरिङ प्रविधिबाट खानेपानी तथा सिंचाईको सुलभता भएको हुने • हिमपोखरीहरुको संरक्षित भई उपलब्ध पानीको सिंचाईमा प्रयोग हुने • गोरेटो बाटोहरु तथा खाली क्षेत्रमा वृक्षारोपण बाट भूक्षय र पहिरोमा कमि भएको हुने • वैकल्पिक ऊर्जाको प्रयोग बाट वनको संरक्षण तथा मानव स्वास्थ्यमा सुधार भएको हुने • प्रभावकारी अनुकूलन कार्यहरु संचालन भई मानिसहरुको दैनिक जीविकोपार्जनको अवस्था सुदृढ हुने • जैविक तथा दिगो भू व्यवस्थापन प्रविधिमा आधारित तथा जलवायुमैत्री कृषि व्यवसाय प्रवर्धन भएको हुने • निर्वाहमुखी खेती प्रणालीबाट क्रमशः व्यवसायिक कृषि तथा स्थानीय स्वरोजगार उन्मुख तथा आय बढेको हुने • अनुकूलनका समग्र उपायहरुको प्रयोगबाट मानिसहरुको अनुकूलन क्षमता वृद्धि भएको हुने छ • महिलाहरुको कार्यबोझमा कमि आई स्वस्थ हुनुका साथै बचत भएको समय अन्य आयमुलक कार्यमा प्रयोग भएको हुने छ				

	• जलवायु परिवर्तनले यस शे फोक्सुण्डो गाउँपालिकामा परिरहेको असर सम्बन्धि ज्ञान प्राप्ति भई स्थानीय स्तरमा नै उपलब्ध अनुकूलनका क्रियाकलापहरु अपनाईएको हुने छ
कार्ययोजनाको प्राथमिकता परेका अनुकूलनका कार्यहरु	• सिंचाई पोखरी तथा भरण पोखरी निर्माण • सिंचाई कुलो निर्माण तथा मर्मत • वृक्षारोपण, भूसंरक्षण तथा तटबन्धन निर्माण • सुख्खा सहन सक्ने तथा रोग किरा प्रतिरोधी प्रजातिहरुको प्रवर्धन • बैकल्पिक ऊर्जा प्रवर्धन • जडिबुटी संरक्षण एवम प्रवर्धन • चरिचरण क्षेत्रको उचित व्यवस्थापन तथा स्थानीय पशुपालनको प्रवर्धन • जलाधार क्षेत्रको संरक्षण तथा व्यवस्थापन • वन्यजन्तु तथा जैविक विविधता संरक्षण • साँस्कृतिक तथा ऐतिहासिक सम्पदाको संरक्षण एवम् प्रचारप्रसार र पर्यापर्यटनको प्रवर्धन

आगामी पाँच वर्षको लागि तयार गरिएको स्थानीय अनुकूलन कार्ययोजनाको संक्षिप्त रुप (रु. हजारमा)

क्र.स	क्रियाकलापहरु	पहिलो वर्ष	दोस्रो वर्ष	तेस्रो वर्ष	चौथो वर्ष	पाँचौ वर्ष	जम्मा
१	कृषि तथा खाद्य सुरक्षा	३२८५५	३२६५५	३७६०५	३३९०५	३०७५०	१६७७७०
२	वन, जैविक विविधता तथा जलाधार संरक्षण	७५००	३०००	९०००	८०००	७५००	३५०००
३	जल स्रोत तथा ऊर्जा	९७२५	८२२५	८२२५	९५७५	५४३५	४११८५
४	ग्रामिण तथा सहरी बसोबास	२००	२००	२००	२००	२००	१०००
५	उद्योग, यातायात तथा भौतिक पूर्वाधार	३५५००	५६७००	६०१००	३४७००	२०५००	२०७५००
६	पर्यटन एवम प्राकृतिक तथा सांस्कृत सम्पदा	२०८५	९८०	९५०	१२२०	३४५	५५८०
७	स्वास्थ्य, खानेपानी तथा सरसफाई	८२००	६७००	९७००	६७००	८२००	३९५००
८	विपद जोखिम न्यूनीकरण र व्यवस्थापन	१९६००	२६०००	२४३००	१०३००	५६००	८५८००
९	लैगिक तथा सामाजिक समावेशीकरण	४०००	२६००	३८००	२२००	२८००	१५४००
	जम्मा	**११९६६५**	**१३७०६०**	**१५३८८०**	**१०६८००**	**८१३३०**	**५१८७३५**
१०	अनुगमन तथा मूल्यांकन	७५०	७५०	१२५०	७५०	१२५०	४७५०
	कूल जम्मा	**१२०४१५**	**१३७८१०**	**१५५१३०**	**१०७५५०**	**८२५८०**	**६०३४८५**

फोक्सुण्डो गाउँपालिकाका स्थानीयहरुको अनुकूलन क्षमता वृद्धि गर्ने अपेक्षा सहित कूल जम्मा रु ६०,३४,८५,००० (अक्षेरेपी साठी करोड चौतीस लाख पचासी हजार मात्र) को कार्ययोजना तयार गरिएको छ । जस मध्य यस कार्यक्रम कार्यान्वयनको अवधिमा उपलब्धिहरुको विश्लेषण तथा सिकाईको प्रयोग गर्नका लागि विभिन्न चरणमा अनुगमन तथा मूल्यांकनका कार्यक्रमहरु सहित पहिलो वर्षमा रु १२०४१५, दोस्रो वर्षमा रु१३७८१०, तेस्रो वर्षमा रु १५५१३०, चौथो वर्षमा रु १०७५५० र पाँचौ वर्षमा रु ८२५८० बजेटको प्रस्ताव गरिएको छ । साथै यस कार्ययोजनाले योजनाको प्रकृति अनुसार कार्यान्वयनका लागि विभिन्न बाह्य संघसंस्थाहरुको प्राविधिक एवम् आर्थिक सहजीकरणको विश्वास लिइएको छ ।

विषय-सूची

परिच्छेद १: पृष्ठभूमि.....१
१.१ स्थानीय अनुकूलन कार्ययोजनाको परिचय.....१
१.२ स्थानीय अनुकूलन योजनाको औचित्य (भूमिका).....२
१.३ स्थानीय अनुकूलन कार्य योजनाको मान्यता एव निर्देशिक सिद्धान्तहरु.....३
१.४ स्थानीय अनुकूलन कार्ययोजनाको विधि र प्रक्रिया.....४
१.५ जलवायु परिवर्तन सम्बन्धि सचेतना तथा क्षमता अभिवृद्धि.....६
१.६. जलवायु संकाटासन्नता विश्लेषण तथा वस्तुगत विवरण तयारी.....६
परिच्छेद २: गाउँपालिकाको पृष्ठभूमि.....७
२.१ गाउँपालिकाको परिचय.....७
२.२. प्रशासनिक विभाजन.....८
२.३ भौगोलिक तथा धरातलीय अवस्था.....९
२.४ भूउपयोग.....१०
२.५ जनसांख्यिक विवरण.....१२
२.६ सामाजिक अवस्था.....१४
२.७ आर्थिक अवस्था.....१४
२.८ मानवीय अवस्था.....१५
२.९ प्राकृतिक स्रोतको अवस्था.....१५
२.१० उप जलाधार क्षेत्र.....१५
१.११ वन, जंगल, जमिन.....१७
२.१२ जलस्रोत, ऊर्जा.....१७
२.१३ भौतिक पूर्वाधार.....१८
२.१४. लैगिक समानता तथा समावेशीकरण.....१८
२.१५. सेवा प्रदायक संस्थाहरुको विवरण.....२०
परिच्छेद ३: जलवायु परिवर्तन, विपद जोखिमको अवस्था.....२३
३.१ जलवायुको अवस्था.....२३
३.१.१ तापक्रम र वर्षा तथ्यांकहरुको विश्लेषण.....२३
३.१.२ मौसमी पात्रो.....२५
३.२. प्रकोपको ऐतिहासिक समय रेखा.....२७
३.३. सामाजिक स्रोत तथा प्रकोप नक्सांकन.....३३

३.४. संकटासन्न घरधुरी तथा वर्ग पहिचान ३६
३.५ संकटासन्नता तथा जोखिम विश्लेण र स्तरिकरण ३८
३.५.१ प्रकोप सूचकाङ्क ३८
३.५.२ सम्मुखता सूचकाङ्क ३९
३.५.३ संवेदनशीलता सूचकाङ्क ४०
३.५.४ अनुकूलन क्षमता सूचकाङ्क ४१
३.५.५ जोखिमका आधारमा वडा स्तरीकरण ४२
३.६. पहिरोको अवस्था ४४
३.७. बाढी/ नदी तथा खोला कटानको अवस्था ४५
३.८. प्रकोप पात्रो ४६
३.९. बाली पात्रो ४६
३.१०. जीविकोपार्जनका सम्पतिहरुको विश्लेषण ४७
३.११. संकटासन्न वर्ग तथा समुदायमा जोखिमहरुको विश्लेषण ५४
३.१२. जलवायु परिवर्तन अनुकूलन तथा विपद व्यवस्थापनमा गाउँपालिकाको पहल र अभ्यासहरको विश्लेषण ५७
परिच्छेद ४: जलवायु परिवर्तन अनुकूलन तथा विपद जोखिम न्यूनीकरण र व्यवस्थापनका रणनीतिहरुको पहिचान ५८
४.१ अनुकूलनका उपायहरु/विकल्पहरु पहिचान तथा छनोट गर्ने आधारहरु ५८
परिच्छेद ५: जलवायु परिवर्तन अनुकूलन तथा विपद जोखिम न्यूनीकरण मूलप्रवाहिकरण ६७
५.१ आवधिक योजना तथा विकास नीतिहरुमा मूलप्रवाहिकरण ६७
५.२ स्थानीय तहको वार्षिक योजना, बजेट तर्जुमा र अनुगमन तथा मूल्यांकन प्रक्रियामा मूलप्रवाहिकरण ६८
परिच्छेद ६: अनुकूलन तथा विपद जोखम व्यवस्थापनका कार्यहरुको तर्जुमा र कार्यान्वयन ७१
सन्दर्भ समाग्री ८८
अनुसूचीहरु ८९
अनुसूची १: फोटोहरु ८९
अनुसूची २: माइन्युटहरुको विवरण ९९
अनुसूची ३: संकटासन्न घरधुरीहरुको विवरण ११७

तालिका-सूची

तालिका: १ शे फोक्सुण्डो गाउँपालिकाको प्रशासनिक विभाजन ८
तालिका २: गाउँपालिकाको भूउपयोग विवरण १०
तालिका३ : घरधुरी तथा जनसङ्ख्याको वडागत विवरण १२
तालिका४ : गाउँपालिकामा रहेका मुख्य नदी /खोलाहरुको विवरण १७
तालिका ५ :वडा कार्यालय देखि पालिका कार्यालय तथा सदरमुकाम सम्मको दुरी १८
तालिका ६: WORKLOAD ANALYSIS (कार्यबोझ सम्बन्धि विवरण १९
तालिका७ : शे फोक्सुण्डो गाउँपालिकामा सेवा प्रदायक संघसंस्थाहरुको विवरण २०
तालिका८ : मौसमी पात्रो २५
तालिका९ : प्रकोपको ऐतिहासिक समय रेखाको विवरण २७
तालिका१० : जलवायुजन्य जोखिमको आधारमा वडागत संकटासन्न घरधुरी विवरण ३७
तालिका ११ : जलवायु जन्य प्रकोपको असर तथा घटनाहरुका सूचकहरुको वडागत मान ३८
तालिका १२: जलवायुजन्य प्रकोपको असर तथा घटनाहरुको वडागत सूचकाङ्क ३९
तालिका १३: सम्मुखताका सुचकहरुको वडागत मान ३९
तालिका १४: सम्मुखताको वडागत सुचकांक मान ४०
तालिका१५ : संवेदनशीलता सुचकहरुको वडागत मान ४०
तालिका १६: संवेदनशीलताको वडागत सूचकाङ्क ४१
तालिका १७: अनुकूलन क्षमताको सुचकहरुको वडागत मान ४१
तालिका १८: अनुकूलन क्षमताको वडागत सूचकाङ्क ४२
तालिका १९: प्रकोप, सम्मुखता, संवेदनशीलता र अनुकूलन क्षमताका आधारमा संकटासन्नता र जोखिकको स्तरिकरण ४३
तालिका २०: समय अनुसार प्रकोपको विवरण ४६
तालिका २१: शे फोक्सुण्डो गा.पा .को बाली पात्रो ४७
तालिका २२: जीविकोपार्जनका सम्पतिहरुको विश्लेषण ४७
तालिका २३: प्रकोप संकटासन्नता वर्गको विश्लेषण ५४
तालिका २४ अनुकूलनका उपायहरु पहिचान तथा प्राथमिकीकरण ५८
तालिका २५: स्थानीय अनुकूलन योजना मूलप्रवाहीकरण गर्न आवश्यक तयारी तथा जिम्मेवारीको खाका ६९
तालिका २६: अनुगमन तथा मूल्यांकन ६९
तालिका २७: स्थानीय अनुकूलन कार्ययोजना ७२

चित्र-सूची

चित्र १: लापाको समग्र प्रक्रिया ५
चित्र २: शे फोक्सुण्डो गाउँपालिकाको अवस्थिति नक्सा ७
चित्र ३: शे फोक्सुण्डो गा.पा.को धरातलीय स्वरुप ९
चित्र ४: शे फोक्सुण्डो गाउँपालिकाको भूठपयोग नक्सा ११
चित्र ५: शे फोक्सुण्डो गाउँपालिका जनघनत्व १३
चित्र ६: उप-जलाधार क्षेत्र १६
चित्र ७: शे फोक्सुण्डो गाउँपालिकामा सेवा प्रदायक संघसंस्थाहरु २२
चित्र ८: ३० वर्ष भन्दा माथिको औसत न्यूनतम र अधिकतम तापक्रम २३
चित्र ९: ३० वर्ष भन्दा माथि औसत वर्षाको प्रवृति २४
चित्र १०: शे फोक्सुण्डो गा.पा.को वर्षाको नक्सा २५
चित्र ११: सामाजिक स्रोत तथा प्रकोप नक्साकंन (पहिलो) ३४
चित्र १२: सामाजिक स्रोत तथा प्रकोप नक्साकंन (दोस्रो) ३५
चित्र १३: सामाजिक स्रोत तथा प्रकोप नक्साकंन (तेस्रो) ३६
चित्र १४: वडागत संकटासन्नता स्तरीकरण ४३
चित्र १५: वडागत जोखिम स्तरीकरण ४३
चित्र १६: पहिरो जोखिम विश्लेषण नक्सा ४४
चित्र १७: बाढी जोखिम विश्लेषण क्षेत्रको नक्सा ४५
चित्र १८: जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण मूलप्रवाहिकरणका चरण ६७

परिच्छेद १: पृष्ठभूमि

१.१ स्थानीय अनुकूलन कार्ययोजनाको परिचय

जलवायु परिवर्तन एक नियमित प्राकृतिक प्रक्रिया हो तथापी केहि दशकयता बढ्दो मानवजन्य क्रियाकलापहरुबाट उत्सर्जित उच्च हरितगृह ग्याँसको मात्राको कारणले एकदम तीव्र गतिमा वृद्धि भइरहेको तथ्य जलवायु परिवर्तन सम्बन्धि अन्तर्राष्ट्रिय प्यानल (IPCC) ले प्रमाणित गरिसकेको छ । वनविनाश, बढ्दो औद्योगीकरण, यातायात क्षेत्रमा पारम्परिक खनिज इन्धनको व्यापक प्रयोग र अव्यवस्थित शहरीकरणले हरितगृह ग्याँसको चिन्ताजनक उत्सर्जनबाट जलवायु परिवर्तनमा तिव्रता आएको छ । IPCC को छैटौँ संस्करणको प्रतिवेदन अनुसार मानव सृजित हरितगृह ग्याँसले गर्दा पृथ्वी तात्दै गएको र यसले गर्दा मौसम तथा जलवायुका सूचकहरुमा उल्लेख्य परिवर्तन आएको कुरा प्रमाणित भइसकेको छ । त्यसै गरि सन् २०३० देखि २०५२ को बीचमा विश्वव्यापी उष्णताको मात्रामा १.५ डिग्री सेल्सियसले बढ्ने प्रक्षेपण गरिएको छ । दक्षिण एशियामा मनसुनमा हुने वर्षा सन् २०४१ पछि बढ्ने र जसले बाढीका घटनाहरु बढ्न सक्ने प्रक्षेपण गरिएको छ ।

विश्वव्यापी उष्णीकरण सँगै नेपालको सबै क्षेत्रमा तापक्रम वृद्धि भएको पाइएको छ । जल तथा मौसम विभागको सन् २०१७ को प्रतिवेदन अनुसार नेपालमा सन् १९७४ देखि सन् २०१४ सम्ममा अधिकतम तापमानमा प्रत्येक वर्ष ०.०५६ डिग्री सेल्सियसको दरले वृद्धि भएको छ भने न्यूनतम तापक्रममा ०.००२ डिग्री सेल्सियसको दरले वृद्धि भएको पाइएको छ । नेपालको उच्च हिमाली क्षेत्रमा सबैभन्दा उच्च दरले तापक्रम वृद्धि भएको छ। जस अनुसार मनाङ जिल्लामा प्रति वर्ष अधिकतम तापक्रम ०.१२ डिग्री सेल्सियस सम्म वृद्धि भएको पाइएको छ । त्यसै गरि वर्षाको स्वरुपमा पनि विभिन्न ऋतुमा फरक फरक तरिकाले परिवर्तन भइरहेको देखिन्छ । उत्तर पश्चिम क्षेत्रका जिल्लाहरुमा पानी पर्ने दिनहरुको संख्यामा वृद्धि तथा वर्षातका असर ठाउँ अनुसार बढ्दै गएको देखिन्छ । वन तथा वातावरण मन्त्रालयको सन् २०१९ को प्रतिवेदन अनुसार सन् २०४५ सम्म औसत तापक्रम ०.९२ देखि १.०७ डिग्री सेल्सियसको दरले र सन् २१०० सम्म १.७२ देखि १.८२ डिग्री सेल्सियसले वृद्धि हुने प्रक्षेपण गरिएको छ ।

वन तथा वातावरण मन्त्रालयको पछिल्लो प्रतिवेदन Vulnerability and Risk Assessment and Identifying Adaptation Options, MoFE, 2021 अनुसार कर्णाली प्रदेशमा रहको डोल्पा जिल्ला अति उच्च संकटासन्न जिल्ला हो । प्रतिवेदन अनुसार कर्णाली प्रदेशका मुख्य जोखिमहरु महामारी, आगलागी, पहिरो, बाढी, हिमपहिरो, खडेरी, वन डढेलो र चट्याङ रहेका छन् । यहि अवस्थालाई ध्यानमा राखी यस शे फोक्सुण्डो गाउँपालिकाको स्थानीय अनुकूलन कार्ययोजना तयार गरिनुपर्ने आवश्यकता देखिएको हो । यस स्थानीय अनुकूलन कार्ययोजना निर्माण गर्दा शे फोक्सुण्डो गाउँपालिकाका जन प्रतिनिधीहरु, स्थानीय समाजसेवी, प्रमुख दलका प्रतिनिधिहरु, स्थानीय विषयगत कार्यालयका कर्मचारीहरु, मध्यवर्ति क्षेत्र उपभोक्ता समिति (म. क्षे. उ.स.), कृषि समुह, आमा समुह, महिला समुह, स्वास्थ्य स्वंयसेविका, दलित अगुवा, जनजाति तथा पछाडि

पारिएका वर्ग र समुदायको सहभागिता रहेको छ । यस योजना निर्माणका लागि २०८० साल बैशाख १२ गते शे फोक्सुण्डो गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालयमा पालिका स्तरीय स्थानीय अनुकूलन कार्ययोजना तयारी गोष्ठी आयोजना गरिएको थियो ।

तत् पश्चात विभिन्न समय र चरणमा वडा स्तरीय तथा समुह स्तरमा विभिन्न व्यक्ति, समुदाय, र भिन्न भूगोल सँग सामुहिक छलफल गरि तथ्याँक संकलन एवं विश्लेषणका साथ यो स्थानीय अनुकूलन कार्ययोजना तयार गरिएको छ ।

नीतिगत व्यवस्था

जलवायु परिवर्तनको कारणबाट श्रृजित समस्याहरुको सामना गर्न नेपाल सरकारले जलवायु परिवर्तन राष्ट्रिय अनुकूलन कार्यक्रम (NAPA) २०६७, जलवायु परिवर्तन नीति २०६७ र स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय संरचना (National Framework on LAPA) २०६७ तयार गरि सफलतापूर्वक कार्यान्वयन गरिंदै आएका छन । सँगसँगै जलवायु परिवर्तन अनुकूलन सम्बन्धि आवश्यकताहरू पहिचान तथा प्राथमिकीकरण गर्ने र सोही आधारमा मध्यकालीन (सन २०३० सम्म) र दिर्घकालिन (सन २०५० सम्म) समयका लागि वन तथा वातावरण मन्त्रालयको समन्वयमा राष्ट्रिय अनुकूलन योजना (National Adaptation Plan-NAP) तयारीको प्रक्रियामा रहेको छ । विगतका अनुभव, अन्तराष्ट्रिय सन्दर्भ र नेपालमा भएको राज्य पूनर्संरचना अनुकूल हुने गरि नेपाल सरकारले स्थानीय सरकार सञ्चालन ऐन २०७४, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४, वातावरण संरक्षण ऐन २०७६, वातावरण संरक्षण नियमावली २०७७ र जलवायु परिवर्तन निति २०७६ समेत जारी गरिसकेको छ । साथै स्थानीय स्तरमा विकास निर्माणको समग्र प्रक्रियामा जलवायु अनुकूलन तथा विपद जोखिम न्यूनीकरण र व्यवस्थापन लाई मूलप्रवाहीकरण गर्नुपर्दछ भन्ने सैद्धान्तिक अवधारणामा आधारित रही परिमार्जित स्थानीय अनुकूलन योजनाको राष्ट्रिय संरचना (Revised LAPA Framework), २०७६ पारित भैसकेको छ । यो परिमार्जित खाकाले स्थानीय सरकारहरूलाई स्थानीय स्तरमा नै जलवायु परिवर्तनका असरहरु व्यवस्थापन गर्न र दीर्घकालिन जलवायु मैत्री विकासका योजनाहरु पहिचान तथा छनौट र कार्यान्वयन गर्न सहयोग गर्नेछ । यसले स्थानीय स्तरमा विभिन्न सरोकारवालाहरु बीच नियमित सहकार्य तथा संवाद मार्फत स्थानीय क्रियाकलापहरूको कार्यान्वयनमा सहमति निर्माण गरि जलवायु परिवर्तन अनुकूलन, विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन र दिगो विकाससँग सम्बन्धित अन्तर्राष्ट्रिय प्रतिवद्धताहरुको कार्यान्वयन गर्न समेत मद्दत गर्ने छ ।

१.२ स्थानीय अनुकूलन योजनाको औचित्य (भूमिका)

समुदाय आफै सहभागी भएर निर्माण गरिएको योजनाहरू नै स्थानीय स्तरमा वास्तविक समस्या समाधान गर्न सक्ने योजना बन्न सक्छ । त्यसैले जलवायु परिवर्तनले स्थानीय समुदायको विभिन्न क्षेत्रमा पारेको असरहरुसंग सामना गर्न सक्ने क्षमताको अभिवृद्धि गर्नका लागि स्थानीय अनुकूलन कार्ययोजना (लापा) को आवश्यकता पर्दछ । यस अन्तरगत स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय संरचनाले निर्दिष्ट गरेका विधि, प्रक्रिया र चरणहरुलाई अवलम्वन गरि बहुसरोकारवाला निकायहरु, गाउँपालिकाका जनप्रतिनिधिहरु, विषयगत जानकारहरु, स्थानीय समाजसेवी, स्थानीय गैरसरकारी संघसंस्थाहरुको प्रतिनिधि, जलवायु परिवर्तन क्षेत्रमा कार्यरत संघसंस्थाहरु, महिला तथा अन्य सरोकारवाला निकायहरुको सक्रिय सहभागीतामा वडास्तर तथा वस्तीस्तर बाट प्रकोप एवं अनुकूलनका प्रयासहरुको पहिचान गरिनु

पर्ने हुन्छ । स्थानीय तहको सम्मुखता, संवेदनशीलता र अनुकूलन क्षमताको विश्लेषणको आधारमा जोखिम मुल्याँङकन र संकटासन्नताको विश्लेषण गरि स्थानीय अनुकूलन कार्ययोजना तयार गरिनु पर्छ । अतः स्थानीय अनुकूलन कार्ययोजनाका निर्माणका उदेश्यहरु निम्न बमोजिम रहेका छन् ।

- स्थानीय स्तरमा जलवायु परिवर्तनबाट सृजित जोखिम र संकटासन्नाताको पहिचान, अभिलेखीकरण र प्राथमिकिकरण गर्न ।
- जोखिममा रहेका तथा संकटासन्न व्यक्ति घरधुरी र समुदायको अनुकूलन क्षमतामा बढोत्तरी गर्ने अनुकूलन चुनौती तथा अवसर लगायत कार्य पहिचान गर्न र जलवायु उत्थानशील क्रियाकलापहरु पहिचान गरि कार्यान्वयन गर्न ।
- स्थानीयतहको योजना तर्जुमा प्रक्रियामा जलवायु परिवर्तन अनुकूलन तथा विपत जोखिम न्यूनीकरण र अनुकूलन व्यवस्थापनको विषयलाई एकिकृत गर्दै जलवायु उत्थानशील योजनाहरुको कार्यान्वयन गर्न ।
- स्थानीय स्तरमा गरिने विकासका पूर्वाधारहरुका साथै शिक्षा, स्वास्थ्य, खानेपानी र स्थानीय प्रविधिलाई जलवायु उत्थानशील बनाउन ।
- स्थानीय समुदायले आफ्ना आवश्यकता बारे आफैंले निर्णय गर्न र सहज तरिकाले प्रयोग गर्न सक्ने गरि अनुकूलन कार्यहरूको पहिचान तथा प्राथमिकीकरण गर्न ।
- स्थानीय अनुकूलन कार्ययोजना तयार गर्न र स्थानीय स्वायत्त शासन ऐन बमोजिम सो कार्ययोजना लाई स्थानीय तथा राष्ट्रिय स्तरका योजनामा समेत समायोजन गर्न ।
- सेवा प्रदायक निकायले समयमै प्रभावकारी ढङ्गले स्रोत परिचालन गरि अनुकूलन क्रियाकलाप क्रमबद्ध रूपमा अपनाउन/कार्यान्वयन गर्न ।
- कार्ययोजनाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्दै कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्न ।
- स्थानीय तथा राष्ट्रिय योजनालाई लागतको आधारमा अनुकूलनका प्रभावकारी विकल्प पहिचान गर्न।

१.३ स्थानीय अनुकूलन कार्य योजनाको मान्यता एव निर्देशिक सिद्धान्तहरु

स्थानीय अनुकूलन कार्ययोजना निर्माणका लागि निर्दिष्ट सिद्धान्तहरु (समावेशी, उर्ध्वगामी, लचिलो र तत्परता) लाई आधार विन्दु मानिएको छ। स्थानीय तहमा निर्मित स्थानीय अनुकूलन कार्ययोजनाले स्थानीय तह अन्तर्गत पर्ने सम्पुर्ण वडाहरु, टोल तथा वस्ती र समुदायको अनुकूलन क्षमता अभिवृद्दि भई जिविकोपार्जनमा सुधार ल्याएको हुने छ । यस योजनाका मान्यता तथा सिद्दान्तहरु निम्नानुसार रहेका छन्।

- स्थानीय जलवायु अनुकूलन कार्ययोजना स्थान बिशेष फरक फरक हुन्छ ।
- स्थानीय समुदाय तथा सरोकारवालाहरुको सहभागितामा लक्षित क्षेत्र, वर्ग तथा समुदायको पहिचान गरि जलवायु परिवर्तनको असरसँग सामना गर्न अनुकूलनका उपायहरुको प्राथमिकिकरण गरि स्थानीय अनुकूलन योजना तयार गरिएको हुन्छ।

- पालिका स्तरीय अनुकूलन योजनाले लक्षित क्षेत्र, वर्ग तथा समुदायलाई समेटी तथा जोखिम क्षेत्रको पहिचान गरि कार्यक्रमहरुको तय गरेको हुँदा यो कार्ययोजना प्रभावकारी रुपले सञ्चालन गर्न सकिन्छ।
- स्थानीय निकायमा निर्बाचित जनप्रतिनिधि भएको हुँदा कार्यक्रम कार्यान्वयनका लागी अनुकूल वातावरणको श्रृजना हुने छ ।
- स्थानीय अनुकूलन कार्ययोजना निर्माण गर्दा पालिकामा रहेको सम्पुर्ण सरोकारवालाहरु लाई समावेश गरिएकाले योजनालाई प्राथमिकताका साथ कार्य गर्न उपयुक्त वातावरण श्रृजना हुने छ ।
- स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय संरचनाको निर्देशित सिद्धान्त समाबेशि, उर्ध्वगामी, तत्परता र लचिलोमा आधारित भई स्थानीय अनुकूलन योजना तयार गरिएको छ ।
- जलवायु परिवर्तन नीति २०७६ ले पहिचान गरेका क्षेत्रमा आधारित भई जलवायु परिवर्तनले असर गर्ने सबै बिषयगत क्षेत्र समेटि बिभिन्न सरकोकारवाला निकायहरुको सहभागितामा योजना तयार गरिएको छ ।
- स्थानीय अनुकूलन योजना तयार गर्दा स्थानीय विपद ब्यवस्थापनका पक्षहरुलाई पनि विशेष ध्यान दिइएको छ ।

१.४ स्थानीय अनुकूलन कार्ययोजनाको विधि र प्रक्रिया

स्थानीय अनुकूलन कार्ययोजना तयार गर्दा जलवायु परिवर्तन नीति २०७६, राष्ट्रिय अनुकूलन कार्यक्रम २०६७, परिमार्जित स्थानीय अनुकूलन कार्य योजनाको राष्ट्रिय संरचना २०७६, स्थानीय विपद जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका २०६८, विपद जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७५, विपद जोखिम न्यूनीकरण राष्ट्रिय रणनीति कार्ययोजना २०१८-२०३०, वातावरण नीति २०७६ लाई आधार मानिएको छ । जलवायु परिवर्तन अनुकूलन तथा विपद जोखिम न्यूनीकरण र व्यवस्थापनलाई समग्र स्थानीय योजना प्रक्रियामा समायोजन गर्न तल चित्र ७ मा उल्लेख गरिएका ६ वटा चरण अवलम्बन गरिएको छ । स्थानीय जलवायु परिवर्तन अनुकूलन कार्ययोजना (लापा) राष्ट्रिय संरचनाका ६ चरण अन्तर्गत सहभागीतामुलक विधि तथा औजारहरूको प्रयोग गरि शे फोक्सुण्डो गाउँपालिकाको स्थानीय अनुकूलन कार्ययोजना तयार गरिएको छ । यसका साथै जलवायु परिवर्तन स्वास्थ्य अनुकूलन रणनीति र कार्ययोजना (२०१७-२०२१) लाई पनि आधार मानिएको छ ।

स्थानीय अनुकूलन कार्ययोजना तर्जुमा गोष्ठी २०८० सालको बैशाख महिनाको १२ गते शे फोक्सुण्डो गाउँपालिका संग पालिकास्तरीय अभुमुखीकरण तथा कार्यशाला गोष्ठीबाट सुरु गरिएको थियो। गाउँपालिकाको ९ वटै वडाका जनप्रतिनिधि र वडा स्तरीय सरोकारवालाहरुलाई जलवायु परिवर्तन अनुकूलन सचेतिकरण गरिएको थियो । पालिकास्तरीय गोष्ठीमा गाउँपालिका भित्र समस्याको रुपमा देखिएका मुख्य मुख्य प्रकोपहरु पहिचान गरिनुका साथै जोखिमको विश्लेषण गरिएको थियो । उक्त पालिकास्तरीय अभुखीकरण तथा कार्यशाला गोष्ठी सम्पन भए पश्चात वडागत रुपमा गोष्ठीहरु सुरु गरियो । वडास्तरीय गोष्ठीहरु जलवायु परिवर्तन सम्बन्धि सचेतिकरण, प्रकोपको पहिचान र वस्तीहरु पहिचान पश्चात वस्तीहरुमा संकटासन्नता लेखाजोखा र अनुकूलनका क्रियाकलापहरुको पहिचान गरिएको थियो । वडामा संकटासन्नता लेखाजोखाको विश्लेषण गरि प्रकोप तथा उपलब्ध श्रोतको नक्साकंन समेत तयार गरि अनुकूलनका क्रियाकलापहरु पहिचान गरिएको थियो । प्रत्येक वडा बाट आएका सम्पूर्ण सुचनाहरुलाई गाउँपालिकामा मिति २०८०/०२/१८ गतेको दिन प्रस्तुत गरिएको

थियो । उक्त कार्यक्रममा गाउँपालिकाको जोखिम विश्लेषण, वडाहरुको संकटासन्नता स्तरीकरण, श्रोत नक्साकंन र गाउँपालिका स्तरीय अनुकूलन क्रियाकलापहरुको पहिचानका साथै वर्गीकरण गरिएको थियो । सम्पूर्ण फिल्ड भ्रमण, सचेतिकरण, कार्यशाला गोष्ठी तथा सरोकारवालाहरु संगको छलफल सम्पन्न भएपछि, शे फोक्सुण्डो गा.पा.मा जलवायु परिवर्तन बाट देखिएका असरहरुको वैज्ञानिक तथ्यहरुलाई समावेश गरि स्थानीय अनुकूलन कार्ययोजनाको मसौदा दस्तावेज तयार गरियो । स्थानीय अनुकूलन कार्ययोजनाको मसौदा दस्तावेज मिति २०८०/०३/०६ गते शे फोक्सुण्डो गा.पा. तथा नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम दोस्रो चरण समक्ष पेश गरे पछि प्राप्त भएका टिप्पणी एवम सुझावहरुलाई सम्बोधन गरियो । त्यसैगरि मिति २०८०/०३/२२ गतेका दिन लापा निर्माण सहजिकरण गर्ने संस्था भर्डेन्ट इन्जिनियरिङ एण्ड इन्भाइरोमेन्टल सभिसेस् प्रा.लि, द्वारा स्थानीय अनुकूलन कार्ययोजनाको अन्तिम दस्तावेज माथि गाउँपालिका समक्ष प्रस्तुतीकरण दिदै समिक्षा गरि गाउँपालिकाको तर्फबाट आएका सुझावहरु समावेश गरि पूर्ण रुपमा निर्माण सम्पन्न गरियो । यस स्थानीय अनुकूलन कार्ययोजनाको तयारी गर्दा अपनाइएका चरणको विस्तृत विवरण निम्न अनुसार रहेका छन्।



चित्र :१ लापाको समग्र प्रक्रिया

१.५ जलवायु परिवर्तन सम्बन्धि सचेतना तथा क्षमता अभिवृद्धि

शे फोक्सुण्डो गाउँपालिकाको स्थानीय अनुकूलन कार्ययोजना निर्माण गर्दा जलवायु परिवर्तनले गर्ने असर तथा प्रभावलाई सम्बोधन गर्नका लागि जलवायु परिवर्तनको परिभाषा, जलवायु परिवर्तनले के कस्तो असर पारेको छ, के कस्तो प्रभाव पार्न सम्भावना छ, अनुकूलनका विद्यमान अवसर वा चुनौती के के छन् र त्यसको सामना गर्नका लागि आवश्यक स्रोतसाधन कसरी जुटाउने आदि विषयमा छलफल गरि सुचना संकलन गरियो । स्थानीय स्तरमा जानकारी गराउन प्रत्येक वडा तथा गाउँपालिकामा गरि १२ वटा स्थानमा सचेतना तथा अभिमुखिकरण छलफल संचालन गरिएको थियो । सो छलफलबाट प्रत्यक्ष रुपमा समग्र पालिकाको स्थानीयवासी लाभान्वित भएका छन् । यस अन्तर्गत स्थानीय समुदाय तथा सरोकारवालाहरुलाई जलवायु परिवर्तनको हालको अवस्था, संकटासन्नता, जोखिम तथा भविष्यमा यसले पार्न सक्ने प्रभावहरुको बारेमा सुसूचित गर्ने कार्य गरिएको थियो । सचेतना कार्यक्रममा संकाटासन्न समुदाय, राजनीतिक दल, शिक्षक एवं स्वास्थ्य सेवा प्रदायक संघसंस्थाका व्यक्तिहरु, स्वास्थ्य स्वयंसेविकाहरु, विषय जानकार, दलित, जनजाती, किसान, युवा, महिला, सामुदायिक संस्थाका प्रतिनिधिहरु, सामाजिक अगुवा, पत्रकार र उपलब्ध सर्वसाधारणलाई सहभागी गरिएको थियो । सचेतना अभिवृद्धि कार्यक्रमको लागि जलवायु परिवर्तन सम्बन्धि प्रस्तुति फ्लेक्स चार्ट, मेटाकार्ड विधि, सामुहिक छलफल, लक्षित वर्ग केन्द्रित छलफल, सामुहिक कार्य आदिको प्रयोग गरिएको थियो ।

१.६. जलवायु संकाटासन्नता विश्लेषण तथा वस्तुगत विवरण तयारी

स्थानीय अनुकूलन कार्ययोजना तयार गर्न जलवायु परिवर्तनको हालको अवस्था र परिदृश्यको विश्लेषण गरि यसका कारण हुन सक्ने प्रभावहरुको विश्लेषण र जोखिम रहेका क्षेत्र तथा प्राणीहरुको पहिचान गरेर क्षतिको लेखाजोखा गरिएको थियो । यस अन्तर्गत गाउँपालिकाको जलवायु सम्बन्धि तथ्यांक संकलन गरि विश्लेषण गरिएको थियो । त्यसै गरि स्थानीय स्रोत साधन सम्बन्धि तथ्यांकहरु बाट वडाहरुको जीविकोपार्जन तथा पर्यावरणीय प्रणालीमा परेको र पर्न सक्ने प्रभावहरुको विश्लेषण गरि संकटासन्नताको वर्गीकरण गरिएको थियो । साथै जलवायु परिवर्तनले कृषि तथा खाद्य सुरक्षा, वन तथा जैविक विविधता, जलस्रोत, उर्जा स्वास्थ्य र सरसफाई, पर्यटन, पूर्वाधार विकास लगायत जलवायु परिवर्तन नीतिले औंल्याएको क्षेत्रहरुमा पारेको प्रभाव अवलोकन, संकलन तथा विश्लेषण गरिएको थियो ।

परिच्छेद २: गाउँपालिकाको पृष्ठभूमि

२.१ गाउँपालिकाको परिचय

कर्णाली प्रदेशको हिमाली जिल्ला डोल्पाका ८ वटा स्थानीय तह मध्येको एक शे फोक्सुण्डो गाउँपालिका, जिल्लाको उतर पश्चिमी भूभागमा अवस्थिति रहेको छ । यस गाउँपालिका २९°२०'०'' देखि २९°५१'०'' उत्तरी अक्षांश र ८२°८९'०'' देखि ८३°०९'०'' पूर्वी देशान्तरमा फैलिएको छ । पूर्वमा डोल्पो बुद्ध गाउँपालिका, उतरमा छिमेकी राष्ट्र चीन, पश्चिममा मुगु जिल्ला र जगदुल्ला गाउँपालिका, दक्षिणमा काईके गाउँपालिका, ठूलिभेरी नगरपालिका र त्रिपुरासुन्दरी नगरपालिकाले घेरीएको छ । गाउँपालिकाको नामाकरण ऐतिहासिक तथा धार्मिक स्थल शे गुम्बा र पर्यटकीय स्थल शे फोक्सुण्डो तालको नामबाट भएको पाइन्छ । गाउँपालिकाको सम्पूर्ण भूभाग शे फोक्सुण्डो राष्ट्रिय निकुन्ज क्षेत्र भित्र पर्ने भएकोले गाउँपालिका र शे फोक्सुण्डो राष्ट्रिय निकुन्ज सहितको क्षेत्रफल २४२४.४४ वर्ग कि. मि. रहेको छ जसमा गाउँपालिकाले मात्र ओगटेको क्षेत्रफल १२३.०७ वर्ग कि. मि. रहेको छ । शे फोक्सुण्डो गाउँपालिका प्राकृतिक तथा संस्कृतिक, र सामाजिक विविधताले भरिपूर्ण भएतापनि भौगोलिक र आर्थिक सेवा सुविधाबाट बन्चित एक अत्यन्तै विकट गाउँपालिका हो ।



स्रोत ,नापी विभाग : चित्र २: शे फोक्सुण्डो गाउँपालिकाको अवस्थिति नक्सा

२.२. प्रशासनिक विभाजन

शे फोक्सुण्डो गाउँपालिका साविकको साल्दाङ, भिजेर र फोक्सुण्डो गा.वि.स. मिलेर गठन भएको स्थानीय तह हो । यस गाउँपालिका लाई प्रशासकिय तथा राजनीतिक तवरले ९ वटा वडामा विभाजन गरिएको छ र केन्द्रको रुपमा साल्दाङ, वडा नं. ३ लाई तोकिएको छ । क्षेत्रफ़लको हिसाबले वडा नं. ५ सबै भन्दा ठूलो रहेको छ भने वडा नं. ७ सबै भन्दा सानो रहेको छ ।

तालिकाः १ शे फोक्सुण्डो गाउँपालिकाको प्रशासनिक विभाजन

क्र.स.	नयाँ वडा	साविक गा.वि.स.	क्षेत्रफल (वर्ग कि.मि.)
१	१	साल्दाङ (१,२,९)	७.४५
२	२	साल्दाङ (३,४)	११.४९
३	३	साल्दाङ (५,६)	९.७२
४	४	साल्दाङ (७,८)	२८.९८
५	५	भिजेर (१-७)	३९.७२
६	६	भिजेर (८)	९.३६
७	७	भिजेर (९)	४.४७
८	८	फोक्सुण्डो (१-६)	६.१
९	९	फोक्सुण्डो (६-९)	५.७८
जम्मा			**१२३.०७**

स्रोतः https://www.mofaga.gov.np/

२.३ भौगोलिक तथा धरातलीय अवस्था

उच्च हिमाली क्षेत्रमा अवस्थित गाउँपालिको भौगोलिक भूभागहरु चट्टान, भीर, डाँडा, पहरा र केहि समथर घाँसे मैदानले ओगटेको छ । शे फोक्सुण्डो राष्ट्रिय निकुन्ज र मध्यवर्ती क्षेत्रमा पर्ने केहि भूभागमा पहाडी क्षेत्रको विशेषता रहे पनि अधिकांश क्षेत्रहरु उच्च हिमाल र सुख्खा क्षेत्रमा पर्दछ । चौतर्फी हिमालले घेरिएको र मनसुनी वर्षा न्यून मात्रामा हुने यस क्षेत्रको अधिकांश भूभाग पत्रेचट्टान (Sedimentary rock), Schist rock, Calcarious rock Quartzite rock र बलौटे माटो बाट बनेको छ।



चित्र ३ :शे फोक्सुण्डो गाको धरातलीय स्वरुप.पा.

२.४ भूउपयोग

गाउँपालिकाको विद्यमान भूउपयोग हेर्दा ८.७३ प्रतिशत (१०.७४ वर्ग कि.मि.) कृषि क्षेत्रले ओगटेको छ । त्यसैगरि करिब ५.६९ प्रतिशत (४.६२ वर्ग कि.मि.) जमिन वन क्षेत्रले ढाकेको छ । ०.६५ प्रतिशत (०.५३ वर्ग कि.मि) आवास क्षेत्रले र ०.५८% प्रतिशत (०.७१ वर्ग कि.मि.) खोला/खोल्सी तथा ताल/पोखरीले ओगटेको छ । साथै अन्य भूभाग विभिन्न क्षेत्रले ओगटेको छ । वर्तमान भूउपयोग नक्सा र सो सम्बन्धि विस्तृत विवरण तालिकामा देखाइएको छ ।

तालिका २: गाउँपालिकाको भूउपयोग विवरण

२	आवास क्षेत्र	०.६५
३	बुट्यान	०.५३
४	खेतीयोग्य जमिन	१०.७४
५	वन क्षेत्र	५.६९
६	घासे जमिन	९५.१८
७	ताल/पोखरी	०.०१
८	पहिरो	०.२०
९	खोला/नाला	०.७०
१०	भिरालो जमिन	३.४९
११	बालुवा	०.६४
१२	हिउँ क्षेत्र	०.२२
जम्मा		**१२३.०७**

स्रोत: गुगल अर्थ, २०२३; Arc GIS 10.4)





(स्रोत; Arc GIS 10.4) चित्र ४ :शे फोक्सुण्डो गाउँपालिकाको भूउपयोग नक्सा

२.५ जनसांख्यिक विवरण

राष्ट्रिय जनगणना २०७८, को नतिजा अनुसार गाउँपालिकाको कुल घरधुरी संख्या ८६१ र कुल जनसंख्या ३६३५ रहेको छ भने उक्त मध्ये पुरुषको जनसंख्या १७७९, र महिलाको जनसंख्या १८५६ रहेको छ । औसत परिवार संख्या ४.२२ र लैङ्गिक अनुपात ९५.८५ छ जस अनुसार महिलाको संख्या पुरुषको संख्या भन्दा ४.१५ ले बढी छ । पालिकाको जनसांख्यिक वार्षिक वृद्धि दर १.५३ र जनघनत्व २९.५४ प्रति वर्ग कि.मि रहेको छ । यस स्थानीय अनुकूलन कार्ययोजना तयारीको सिलसिलामा घरधुरी सर्वेक्षण गर्ने क्रममा स्थानीय जानकार, सरोकारवाला तथा गाउँपालिकाको आधिकारिक व्यक्तिहरुसंगको छलफलबाट प्राप्त घरधुरी विवरण पनि तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका३ : घरधुरी तथा जनसङ्ख्याको वडागत विवरण

वडा नं.	राष्ट्रिय जनगणना, २०७८				घरधुरी सर्वेक्षण, २०८०			
	घरधुरी	पुरुष	महिला	जम्मा	घरधुरी	पुरुष	महिला	जम्मा
१	१८६	८१८	३९५	१२१३	१५३	३१५	३२१	६३६
२	१४४	६१६	३०६	९२२	१४७	३०९	३२४	६३३
३	१५४	५०५	२४०	७४५	१२७	३२२	३४२	६६४
४	१५१	६६०	३२५	९८५	१३७	३३४	३४६	६८०
५	४८	१९७	८७	२८४	५०	१८६	१६६	३५२
६	१३	७२	३८	११०	१४	४७	३२	७९
७	३७	१६३	९३	२५६	३७	८३	९१	१७४
८	८५	३८८	१९३	५८१	९२	२९३	२२५	५१८
९	४३	२१६	१०२	३१८	४४	९६	११६	२१२
जम्मा	८६१	१७७९	१८५६	३६३५	८०१	१९८५	१९६३	३९४८

स्रोत: राष्ट्रिय जनगणना २०७८; घरधुरी सर्वेक्षण, २०८०

वडागत जनसंख्याको तुलनात्मक विश्लेषण गर्दा सबैभन्दा धेरै जनसंख्या वडा नं. १ मा १२१३ (पुरुष ८१८ र महिला ३९५) र कम जनसंख्या वडा नं. ६ मा ११० (पुरुष ७२ र महिला ३८) रहेको छ । सबै भन्दा धेरै औसत परिवार संख्या वडा नं. ६ मा ५.५४ रकम वडा नं. ३ मा ३.२८ छ । त्यसैगरि धेरै घरधुरी संख्या भएको वडा नं. १ मा १८६ र थोरै वडा नं ६ मा १३ रहेको छ । धेरै जनघनत्व वडा नं १ मा १०९.८० प्रति व्यक्ति वर्ग कि.मि. र कम जनघनत्व वडा नं. ५ मा ४.९६ प्रति व्यक्ति वर्ग कि.मि. रहेको छ ।



(स्रोत; Arc GIS 10.4) चित्र ५: शे फोक्सुण्डो गाउँपालिका जनघनत्व

२.६ सामाजिक अवस्था

सामाजिक तथ्यांक विश्लेषण गर्दा गुरुङ समुदायको (५९.१५%) बाहुल्यता बढी रहेको छ भने डोल्पो र भोटे जातिको क्रमस २९.३३% र ३.३०% रहेका छन् । अन्यमा छेत्री (०.२८%), मगर (२.५९%), तामाङ (२.४५%), घले (१.०२%) र दलित (विश्वकर्मा) (१.४६%) जातिहरुको बसोबास रहेको पाइन्छ । धर्मको हिसाबले अधिकांश जनसंख्या बौद्ध धर्म (८४.८७%) मान्दछन् भने अन्यमा बोन धर्म मान्ने समुदाय (१२.४३%) र हिन्दु धर्मावलम्वीहरु (२.७०%) रहेका छन् । त्यसैगरि मातृभाषाको चित्रण गर्दा यहाँ धेरै बोलिने भाषामा भोटे भाषा (२८.४७%) र मगर खामपाङ भाषा (२४.४६%) रहेको देखिन्छ । त्यसैगरि डोल्पाली (२२.५३%), नेपाली (१८.०२%), गुरुङ (३.८८%), तामाङ (१.२४%), घले (१.०२%) र अन्य भाषा बोल्ने (०.३९%) मानिसहरु रहेको पाइन्छ (*राष्ट्रिय जनगणना, २०७८)* । स्थानीय समुदायको आफ्नै रितिरिवाज चालचलन संस्कार तथा मूल्य मान्यता रहेको छ । यहाँका स्थानीयहरुमा शिक्षा र जनचेतनाको कमिले गर्दा स्वास्थ्य तथा सरसफाई र रोजगारी जस्ता पक्षमा पछाडि परेका छन् । पालिका भित्र ४१.६% घरधुरीमा शौचालयको व्यवस्था अझै भएको छैन।

२.७ आर्थिक अवस्था

गाउँपालिकामा आर्थिक रुपले सक्रिय जनसंख्या ६८.७५ प्रतिशत जसमा पुरुष ६७.८ र महिला ६९.६१ प्रतिशत रहेको छ (*राष्ट्रिय जनगणना, २०७८)* । अधिकांश मानिसहरु कृषि/पशुपालन (८२.४%) तथा व्यापार व्यवसाय पेशामा आबद्ध रहेका छन् । साथै यहाँका अर्थोपार्जनका मुख्य पेशामा यार्सागुम्बा लगायतका जडिबुटी संकलन तथा व्यापार रहेको छ । यसबाट प्राप्त आम्दानीले कृषि/पशुपालनबाट नपुग खानाको खरिद गरि जीविकोपार्जन गर्दछन । कृषिमा फापर, उवा, आलु, सिमि र केहि स्थानमा तोरी, गँहु, बन्दा, काउली र सागसब्जी आदि र पशुपालनमा चौरी, च्याङ्ग्रा, भेडा, बारग्रा रहेका छन । भौगोलिक स्वरुप र कम उर्वर भूमिमा कारण यस क्षेत्रका समुदायलाई आफ्नै खेतीपातीबाट उत्पादित खाद्यान्नले ३-४ महिना मात्र खान पुग्छ । बाँकीं महिना सदरमुकाम दुनै बजारबाट खाद्यान्न दुवानी गरेर खाने गर्छन । चीन संगको सीमा नाका नजिक रहेकोले यहाँका स्थानीयवासी सीमा बजार (केटो नाका) मा मुख्य रुपमा जडीबुटी चौरी, च्याङ्ग्रा आदि वस्तुहरु बेच्न तथा आवश्यक सामाग्री खरिद गर्नका लागि जाने गर्छन । यहाँ वडा न. ५ मा अवस्थित चीज उद्योग बाहेक अन्य कुनै प्रकारको उद्योगहरु संचालनमा छैन । यस क्षेत्रमा सरकारी तथा अन्य पेशामा संग्लग्न जनशक्ति निकै कम मात्रामा रहेका छन । धेरै जसो मानिसहरु होटेल व्यसायमा आबद्ध रहेको पाइन्छ भने केहि घरधुरीहरु रेमिटेन्समा निर्भर छन । गाउँपालिका क्षेत्र भित्र फोक्सुण्डो ताल, झरना, वन्यजन्तु संगै अन्य रमणीय पर्यटकीय स्थलहरु रहेको हुँदा विभिन्न स्थान देखि आन्तरिक तथा बाहय पर्यटकहरु उल्लेख्यनीय मात्रामा आउने गर्छन जसका कारण यस क्षेत्र वरपर बसोवास गर्ने स्थानीयवासीलाई होटल व्यवसाय राम्रो आर्थिक आम्दानीको स्रोत बनेको छ । साथै स्थानीयहरुले पर्यटकीय गाइड, र घोडा तथा खच्चड सवार दुवानी बाट पनि आर्थिक आम्दानी गरेका छन । यहाँका वासिन्दाहरु वर्षमा एकपटक जेष्ठ-अषाढ महिनामा यार्सागुम्बा संकलनबाट केहि हदसम्म आम्दानी गरि वर्ष भरिको जीविकोपार्जन गर्ने गर्दछन ।

२.८ मानवीय अवस्था

यस गाउँपालिकामा कुल साक्षरता दर ४५.०३ % रहेको छ भने पुरुषको साक्षरता दर ४९.९७% र महिलाको साक्षरता दर ४०.३१% रहेको छ । यहाँ सीपमुलक तालिम प्राप्त जनशक्ति निकै कम रहेको छ । केहि संघसंस्था तथा गाउँपालिकको सहयोगमा लक्षित वर्गलाई सिलाई बुनाई तालिम, सोलार जडान तालिम, र होटल व्यवसाय सम्बन्धि सीप मुलक तालिम प्रदान गर्दै आएको देखिन्छ । केहि युवाहरुमा डकर्मी, सिकर्मी, पर्यटकीय गाइड जस्ता सीप रहेको पाइएको छ । यसरी हेर्दा पालिकामा दक्ष जनशक्तिको अभावका कारण जिल्ला बाहिरबाट कामदारहरु ल्याउनु पर्ने बाध्यता रहेको छ । यस क्षेत्रमा गुणस्तरीय शिक्षा, स्वास्थ्यका साथै सीप विकासको आवश्यकता रहेको देखिन्छ ।

२.९ प्राकृतिक स्रोतको अवस्था

शे फोक्सुण्डो गाउँपालिका जैविक विविधता तथा जलस्रोतको हिसाबले धनी रहेको छ । यस क्षेत्रमा हिमताल, खोलानाला, झरनाहरु प्रसस्त मात्रामा रहेका छन । तोरा खोला, शे फोक्सुण्डो खोला, मुकपोरोङ खोला, नामगुम खोला, रापा खोला सधै बग्ने मुख्य नदी/खोलाहरु हुन । त्यसैगरि शे फोक्सुण्डो ताल, सुलिगाड झरना, छोकार्बो ताल यस क्षेत्रमा जलभण्डारका स्रोत हुन् । नेपालको सबै भन्दा ठूलो राष्ट्रिय निकुन्ज यसै पालिका भित्र पर्दछ । तल्लो हिमाली क्षेत्र देखि लिएर उच्च हिमाली र हिमालपारी क्षेत्रको भूधरातल भएकोले यस क्षेत्रमा तिब्बती वातावरणमा पाईने प्राकृतिक सम्पदा पनि पाइन्छ । वनस्पतिहरुमा बहुमुल्य वन पैदावार तथा जडीबुटीहरु (यार्सागुम्बा, कुरिलो, धुपी, झ्याउ, भोज पत्र, दालचिनी, गुच्ची च्याउ, ओखर, जटामासी, लौठ सल्ला, पाँच औले, पदम चाल, सिलाजित, कटुकी) आदि पाइन्छ । यहाँ वन्यजन्तुमा हिउ चितुवा, तिब्बती खरायो, चिर नाउर, कस्तुरी मृग, झारल, बादर, स्याल मलसाप्रो र पन्छीहरुमा डाँफे, मुनाल, सेतो गिद्द, ढुकुर, हिमाली काग, च्याखुरा र न्याउली पाइन्छन ।

२.१० उप जलाधार क्षेत्र

गाउँपालिकामा तोरा खोला र फोक्सुण्डो खोला गरि दुई वटा उपजलाधार क्षेत्रहरु रहेका छन । स-साना खोला खोल्सीहरु बिभिन्न स्थान हुँदै तोरा खोलामा मिसिन्छन (मुकपोरोङ खोला, कोमास खोला, खुम खोला, नामगुम खोला करांग खोला, रापा खोला र सोकी खोला आदि) । तोरा खोला अन्तमा मुगु जिल्ला हुँदै मुगु कर्णालीको नामले बग्दछ । त्यसैगरि फोक्सुण्डो उप जलाधार क्षेत्रमा (सुम्दुवा खोला, चाङ्क खोला, कागमारा खोला, चुछुलुङ खोला, साम्जोभाबे खोला) आई मिसिन्छ । तोरा खोला डोल्पो बुद्ध गाउँपालिका र काइके गाउँपालिका हुँदै यस क्षेत्रमा बग्दछ । यी उप जलाधार क्षेत्र स्थानीय समुदायको ऐतिहासिक, संस्कृतिक, सामाजिक तथा आर्थिक पक्षसंग जोडिएको छ । उप जलाधार क्षेत्रले माथिल्लो (वडा नं. १,२,३,५,६,७) र तल्लो तटीय वस्ती (वडा नं. ८, ९,) क्षेत्रमा खानेपानी, सिंचाई, हरित उर्जा उत्पादन, मनोरन्जन तथा अन्य प्रत्यक्ष वा अप्रत्यक्ष सेवाहरु प्रदान गर्दै आएको छ । कमजोर भौगर्भिक संरचना र पछिल्लो क्रममा हुदै गएको वन विनास, अव्यवस्थित चरिचरण, आगलागी र परिवर्तित जलवायुका सूचकहरुले गर्दा जलवायुजन्य प्रकोपहरु (बाढी, भूक्षय, पहिरो, हिमपात) बढ्दो क्रममा रहेको देखिन्छ । फलस्वरुप उप जलाधार क्षेत्रले प्रदान गर्ने सेवाको उपलब्धतामा समेत कमि हुँदै गएको छ । तसर्थ जलाधार क्षेत्रले समुदायलाई मात्र नभई पूर्णरुपमा समग्र पारिस्थितिकीय प्रणालीलाई सन्तुलित राख्ने हुँदा सोको व्यस्थापन र संरक्षण हुन आवश्यक देखिन्छ।



(स्रोत; Arc GIS 10.4) चित्र ६: उपलाधार क्षेत्र

१.११ वन, जंगल, जमिन

शे फोक्सुण्डो राष्ट्रिय निकुन्ज तथा सोको मध्यवर्ति क्षेत्रमा गाउँपालिकाको कुल क्षेत्रफल पर्ने हुँदा यहाँ अन्य वनहरु छैनन । स्थानीय समुदायको प्राकृतिक स्रोत साधन माथिको उपयोग व्यवस्थापन तथा संरक्षण गर्ने हेतुले राष्ट्रिय निकुन्ज द्वारा ३ वटा मध्यवर्ति क्षेत्र स्थापना गरिएको छ । मध्यवर्ति क्षेत्रहरुमा बुद्ध मध्यवर्ति क्षेत्र (वडा नं. १,२,३ र ४) फोक्सुण्डो मध्यवर्ति क्षेत्र (वडा नं. ८ र ९) र मुकपोरोङ मध्यवर्ति क्षेत्र (वडा नं. ५ ६ र ७) रहेका छन । यस मध्यवर्ति क्षेत्रबाट सबै घरधुरीहरु प्रत्यक्ष रुपमा लाभान्वित भएका छन ।

२.१२ जलस्रोत, ऊर्जा

यहाँ थुप्रै खोला खोल्सी नदी/नाला ताल हिउँ पोखरी र झरनाहरु जल सम्पदाको रुपमा रहेका छन । पालिकाको सबै वडाहरु नदी तथा खोलाहरुले छोएको छ । अविरल बगी रहने यी जलस्रोतहरु विभिन्न प्रयोजन जस्तै खानेपानी, सिंचाई, हरित उर्जा (लघु जल विद्युत) उत्पादन तथा अन्य क्षेत्रमा उपयोग भएको पाइन्छ । यस बाहेक यीनै खोला खोल्सी हुँदै बग्ने खोला खोल्सी बाट स्थानीय स्तरमा बाढी, पहिरो, भूक्षय, र नदी कटान पनि हुने गरेको छ । वर्तमान अवस्थामा पालिका क्षेत्रमा केन्द्रीय विधुत प्रसारण लाईन जडान भएको छैन । वडा नं. ९ मा लघु जलविधुत उत्पादन बाट केहि घरधुरीमा विधुत लाईन जडान गरिएको छ । अन्य वडाहरुको हकमा चित्रण गर्दा व्यतिगत तथा समुदायिक सोलार प्यानल बाट बत्ति आपूर्ति गरिएको छ । त्यसैगरी वडा नं. ८ मा लघु जलविधुत निर्माणधीन आवस्थामा रहेको छ । यस क्षेत्रमा भीर, पहरा तथा सुख्खा क्षेत्र बढी भएकोले वन जंगलको घनत्व कम रहेको छ जसकारण अधिकांस घरधुरीमा खाना पकाउनका लागि चौरीको गुईटा प्रयोग भएको पाइन्छ ।

तालिका४ : गाउँपालिकामा रहेका मुख्य नदी /खोलाहरुको विवरण

मुख्य नदी तथा खोलाहरु	समेटिएका वडाहरु	प्रयोग
तोरा खोला (मुगु कर्णाली)	१,६,७	आंशिक सिंचाई, बालुवा
मुकपोरोङ खोला	५	आंशिक सिंचाई, वालुवा
फोक्सुण्डो खोला	९	खानेपानी, लघु विधुत
कोमास खोला	१	आंशिक सिंचाई
सुम्दुवा खोला	८	सिंचाई
खुम खोला	१	नभएको
रापा खोला	४	नभएको
सोकी खोला	१	आंशिक सिंचाई
नामगुङ खोला	३,४	नभएको
करांग खोला	२	आंशिक सिंचाई

२.१३ भौतिक पूर्वाधार

सडक संजालले नछोएको यस गाउँपालिकामा दुवानी तथा पर्यटकीय पदमार्गका लागि गोरेटो/घोरेटो बाटोहरु मात्र प्रयोग गरिन्छ। भौगोलिक विकटता अत्याधिक दुवानी खर्च, जनशक्तिको कमिले गर्दा भौतिक पूर्वाधार निर्माणमा खासै काम भएको छैन । संचालनमा रहेका बाटोहरु वर्षा याममा आउने बाढी पहिरोले गर्दा केहि स्थानमा बिग्रेको अवस्थामा रहेका छन् जुन समयमा नै मर्मत गर्नुपर्ने आवश्यक देखिन्छ । त्यसैगरि वडा केन्द्रबाट दुरीको हिसाबले गाउँपालिका केन्द्र र सदरमुकाम सम्म पुग्न लाग्ने समय तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ५ :वडा कार्यालय देखि पालिका कार्यालय तथा सदरमुकाम सम्मको दुरी

वडा न	गाउँपालिकाको कार्यालय	सदरमुकाम
१	४ घण्टा	३ दिन
२	२ घण्टा	४ दिन
३	० घण्टा	४ दिन
४	१.५ घण्टा	४ दिन
५	७ घण्टा	३ दिन
६	१.५ दिन	४ दिन
७	१.५ दिन	४ दिन
८	२ दिन	२ दिन
९	२.५ दिन	१.५ दिन

२.१४. लैंगिक समानता तथा समावेशीकरण

यस गाउँपालिकाका सबै वडामा स्थानीय अनुकूलन कार्ययोजना निर्माणको क्रममा वडास्तरीय गोष्ठिहरुमा यहाँ विद्यमान लैंगिक तथा सामाजिक सवालहरुको बारेमा सहभागितामूलक तरिकाले छलफल गरिएको थियो । उक्त छलफलहरुबाट महिला तथा पुरुषको दैनिक कार्य वोझ विश्लेषण गरिएको थियो (तालिका)। जस अनुसार यस पालिकामा महिलाहरु घर भित्रको काममा र पुरुषहरु घरबाहिरको काममा संलग्न रहेको देखिन्छ तर श्रोत साधनहरुमा पुरुषहरुको पहुँच बढीरहेको देखिन्छ । यसर्थ यस कार्य योजनामा महिलाहरुको सीप तथा क्षमता विकास गर्दै उत्पादनशील क्षेत्रहरु तथा श्रोत साधनहरुमा उनीहरुको पहुँच बढाउने खालका योजनाहरुलाई समावेश गरिएका छन ।

कमजोर आर्थिक अवस्था, सामाजिक अवस्था, समाजमा स्थापित परम्परागत लैङ्गिक भूमिका, सेवामूलक घरायसी कार्यको जिम्मेवारी, स्रोत तथा सेवामा असमान पहुँच, फरक एवं विशिष्ट शारीरिक र स्वास्थ्य सम्बन्धि आवश्यकता, जीविकोपार्जनका अवसरको सीमितता, निर्णय प्रकृयामा सहभागिताको कमी, लगायत विभेद पूर्ण सामाजिक साँस्कृतिक मान्यता तथा नीतिगत व्यवस्थाहरू नै लैङ्गिक असमानताका प्रमुख कारकतत्वहरू हुन् । विद्यमान लैङ्गिक असमानताको कारण महिलाको अनुकूलन क्षमतामा नकारात्मक असर परेको छ र उनीहरू जलवायु परिवर्तनको असमानुपातिक प्रभावको सामना गरिरहेका छन । राष्ट्रिय जलवायु परिवर्तन नीतिले जलवायु परिवर्तन सम्बन्धि नीति निर्माण, संस्थागत संरचना तथा कार्यक्रम कार्यान्वयनमा सुशासन र लैङ्गिक तथा सामाजिक समावेशीकरणलाई

मूलप्रवाहीकरण गर्दै जीविकोपार्जनमा सहजीकरण गर्ने प्रावधान समावेश गरेको छ । साथै अनुकूलनका क्षेत्रमा गरिएका विभिन्न अभ्यासहरूबाट हासिल गरिएका अनुभव तथा अध्ययन अनुसन्धानबाट प्राप्त सुझाव अनुसार नेपालका जलवायु परिवर्तन सम्बन्धि नीतिहरूमा समाजमा विद्यमान सामाजिक, आर्थिक, राजनैतिक पक्षहरूलाई थप गहिराईमा पुगेर विश्लेषण गर्दै सामाजिक कल्याणको सवाललाई उच्च प्राथमिकतामा राख्नुपर्ने आवश्यकता महसुस गरिएको छ ।

तालिका ६: Workload analysis (कार्यबोझ सम्बन्धि विवरण

समय		लिंग	उमेर समुह				
देखि	सम्म		५ बर्ष भन्दा मुनि	६- १४ वर्ष	१५-२५ वर्ष	२६-५९ वर्ष	६० वर्ष भन्दा माथि
बिहान ५ बजे	बिहान ६ बजे	महिला	-	√	-	-	-
		पुरुष	-	-	√	-	-
बिहान ६ बजे	बिहान ९ बजे	महिला	-	√	√	-	-
		पुरुष	-	-	√	√	-
बिहान ९ बजे	बिहान १० बजे	महिला	-	-	√	-	-
		पुरुष	-	-	-	√	-
बिहान १० बजे	दिउसो १ बजे	महिला	-	-	√	√	-
		पुरुष	-	√	√	√	-
दिउसो १ बजे	दिउसो ३ बजे	महिला	-	√	√	√	-
		पुरुष	-	-	√	√	-
दिउसो ३ बजे	दिउसो ५ बजे	महिला	-	√	√	√	-
		पुरुष	-	-	√	√	-
साँझ ५ बजे	साँझ ७ बजे	महिला	-	√	√	-	-
		पुरुष	-	√	√	-	-
साँझ ७ बजे	साँझ १० बजे	महिला	-	-	√	-	-
		पुरुष	-	-	-	-	-
साँझ १० बजे	बिहान ५ बजे	महिला	-	√	√	-	-
		पुरुष	-	-	√	-	-

२.१५. सेवा प्रदायक संस्थाहरुको विवरण

यस क्षेत्रमा आर्थिक, सामाजिक, भौतिक तथा वातावरणीय पक्षको विकासमा उल्लेखनीय योगदान रहेको सेवा प्रदायक संस्थाहरुको विश्लेषण गरिएको छ । यी संस्थाहरुले गाउँपालिकालाई आर्थिक, एवं प्राविधिक सम्वन्य सहकार्य र सहजीकरण जस्ता सहयोग दिइरहेका छन् । साथै विभिन्न कार्यक्रम मार्फत स्थानीय विकासमा रोजगारीको अवसर पनि सिर्जना गरेका छन । पालिका संग आबद्ध रही सेवा प्रदान गर्ने संस्था तथा दातृ निकायहरुको विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका७ : शे फोक्सुण्डो गाउँपालिकामा सेवा प्रदायक संघसंस्थाहरुको विवरण

सेवा प्रदान गर्ने संस्था	प्रदान गर्ने सेवा	सेवा लिने प्रक्रिया
शे-फोक्सुण्डो गाउँपालिकाको कार्यालय	विकास निर्माण, समन्वय, सिफारिस, सहकार्य, सल्लाह, सूझाव, आर्थिक सहयोग, अभिलेख राख्ने, स्वास्थ्य, शिक्षा सेवा, तालिम, स्थानीय मुद्दा मामिला मिलाउने	योजना तर्जुमामा सहभागी, सम्पर्क
वडा कार्यालय	विकास निर्माण, सामुदायिक विकास, सल्लाह, सूझाव, आर्थिक सहयोग	योजना तर्जुमामा सहभागी, सम्पर्क
स्वास्थ चौकी	बिरामीलाई उपचार, औषधि वितरण, भ्याक्सीन खोप तथा स्वास्थ्य सम्बन्धि सचेतना कार्यक्रम	निवेदन, सम्पर्क
प्रहरी पोस्ट	विपदको समयमा उद्दार कार्यमा सहयोग	निवेदन, सम्पर्क
शे-फोक्सुण्डो राष्ट्रिय निकुन्जको कार्यालय	दस्तुर लिई तोकिएको वन पैदावार वा अन्य सेवा उपलब्ध गाराउने, निकुन्ज क्षेत्र भित्र कुनै पनि विकास निर्माणको काम सुरु गर्न अनुमति प्रदान गर्ने, अनुसन्धान कार्यमा सहयोग, सामुदायिक अनुदान तथा सीप मुलक तालिम, कानुन बमोजिम क्षतिपूर्तिको व्यवस्था, जैविक विविधता संरक्षण तथा व्यवस्थापन सम्बन्धि कार्य	निवेदन, सम्पर्क
मध्यवर्तीको कार्यालय	स्थानीय समुदायलाई दैनिक उपभोगका लागि आवश्यक पर्ने वन पैदावारको किसिम, परिमाण, उपभोग गर्ने क्षेत्र, तरिका, समय र दस्तुर तोक्ने, चरिचरण गर्ने क्षेत्र, जनावरको किसिम र दस्तुर तोक्ने र अन्य सेवाहरु उपलब्ध गराउने	निवेदन, सम्पर्क
NCCSP-2	स्थानीय अनुकुल कार्ययोजना निर्माण, खानेपानी, तटबन्धन र जलवायु परिवर्तन सम्बन्धि अन्य कार्यक्रममा सहयोग, स्थानीय सरकारसंग समन्वय र सहकार्य	निवेदन, सम्पर्क

World Wildlife Fund (WWF) Nepal (निश्चित अवधिका लागि अनुकूलन क्रियाकलापहरुको प्रवर्धन गर्दै आएको)	स्थानीय स्तरमा हिउँ चितुवा संरक्षण सम्बन्धि ज्ञान, सीप र तालिम सेवा, लक्षित समूमदाय तथा वर्गहरुलाई विभिन्न रोजगारमुलक तालिमको व्यवस्था (होटल तालिम, सिलाई बुनाई, प्राविधिक सीप, अनुदान तथा सहयोग (सोलार ग्रिड वितरण), पशु बिमा कोष स्थापना, राहत वितरण, गुम्बा, विद्यालय, स्वास्थ्य संस्था निर्माणमा आर्थिक सहयोग	निवेदन, सम्पर्क
World Food Program (WFP) (निश्चित अवधिका लागि अनुकूलन क्रियाकलापहरुको प्रवर्धन गर्दै आएको)	खाध सुरक्षा सम्बन्धि कार्यक्रम, ग्रीन हाउस वितरण, जलवायु परिवर्तन अनुकूलन कार्यमा सहयोग	निवेदन, सम्पर्क
Local Infrastructure Support Program (LISP)	जलवायु मैत्री भौतिक पूर्वाधार विकासमा सहयोग (तटबन्धन, सिंचाई कुलो मर्मत, खानेपानी)	निवेदन, सम्पर्क
Himal Development Initiative	शिक्षा, स्वास्थ्य	निवेदन, सम्पर्क
The Future of Dolpa	शिक्षा, स्वास्थ्य	निवेदन, सम्पर्क
Health Dolpo	शिक्षा क्षेत्र	निवेदन, सम्पर्क
भावी नेपाल	शिक्षा, स्वास्थ्य तथा वातावरण	निवेदन, सम्पर्क
Tashi-D	शिक्षा, स्वास्थ्य तथा वातावरण	निवेदन, सम्पर्क
Kandoori	भौतिक पूर्वाधार निर्माण (झोलुङ्गे पुल, हाइड्रोपावर)	निवेदन, सम्पर्क
The Rising Ku	शिक्षा, पर्यटन र वातावरण	निवेदन, सम्पर्क
प्रभु बैंक	आर्थिक वित्तीय सम्बन्धि सेवा	निवेदन, सम्पर्क

चित्र : ६ शे फोक्सुण्डो गाउँपालिकामा सेवा प्रदायक संघसंस्थाहरु

परिच्छेद ३: जलवायु परिवर्तन, विपद जोखिमको अवस्था

३.१ जलवायुको अवस्था

३.१.१ तापक्रम र वर्षा तथ्यांकहरुको विश्लेषण

यस क्षेत्रको जलवायु अध्ययनका लागि मुख्य गरि जलवायु परिवर्तनका सूचकहरु (तापक्रम र वर्षा) लाई आधार मानी विश्लेषण गरिएको छ । डोल्पा जिल्लामा पर्ने ३ वटा स्टेसनहरु मध्य सो क्षेत्रको नजिकको मापन केन्द्रको सन् १९७१ देखि २०१४ सम्मको वार्षिक अधिकतम तापक्रम र न्यूनतम तापक्रमलाई आधार मानी विश्लेषण गरिएको छ । तथ्यांक विश्लेषण गर्दा हालका दिनहरुको औसत अधिकतम तापक्रम ०.०७५ डिग्री सेल्सियसले बढ्दो क्रममा छ भने न्यूनतम तापक्रम ०.०१० डिग्री सेल्सियसले घट्दो क्रममा रहेको छ (*श्रोत: जल तथा मौसम विज्ञान विभाग*) ।



चित्र ७ : ३० वर्ष भन्दा माथिको औसत न्यूनतम र अधिकतम तापक्रम

त्यसैगरि वार्षिक औसत वर्षाको तथ्यांक लाई विश्लेषण गर्दा हालका दिनहरुको औसत वार्षिक वर्षा ०.२५ मि.मि.ले बढ्दो क्रममा रहेको छ । यद्दपि वर्षा नियमित रुपमा नभई अति वृष्टि, अनावृष्टि, र खण्ड वृष्टिको रुपमा वर्षा हुने गरेको पाइन्छ ।



चित्र ९ : ३० वर्ष भन्दा माथि औसत वर्षाको प्रवृति

यस प्रकारको विश्लेषणले भविष्यमा आउने परिवर्तित जलवायु लाई ध्यानमा राखी न्यूनीकरण तथा अनुकूलन कार्ययोजना निर्माणमा मद्दत गर्दछ ।



चित्र ८: शे फोक्सुण्डो गा.पा.को वर्षाको नक्सा

३.१.२ मौसमी पात्रो

स्थानीय स्तरमा समुदायले महसुस गरेको मौसमी बाली तथा प्रकोप सम्बन्धि जानकारी लिन मौसमी पात्रो विधि प्रयोग गरिएको छ । स्थानीय कृषक समुह र जेष्ठ नागरिकहरुले अनुभव र अनुभूति गरिएको (तापक्रम र वर्षा) र विगत ३० वर्ष यता परिवर्तित मौसम, विरुवाको व्यवहार, प्रकोपको स्वरूप आदिलाई आधार मानी मौसमी पात्रो तयार गरिएको छ । समुदायसंगको छलफलबाट प्राप्त तथ्यांकलाई विश्लेषण गरि पहिलाको तुलनामा मौसम तथा बालीचक्रमा देखिएको परिवर्तन निम्न अनुसारको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका८ : मौसमी पात्रो

सम्मुखता	सुचकहरु	समय	बैशाख	जेस्ठ	असार	साउन	भदौ	असोज	कार्तिक	मंगसिर	पुष	माघ	फागुन	चैत
तापक्रम	गर्मी को दिन	पहिला												
		आहिले												
	जाडो को दिन	पहिला												
		आहिले												
वर्षा तथा यसको स्वरुप	मौसमी वर्षा	पहिला												
		आहिले												
	हिउँदे वर्षा	पहिला												
		आहिले												
	तुसार	पहिला												
		आहिले												
व ा ट स	फ्ट ल फ्ट ल	पहिला												

		आहिले												
	घास टिप्ने	पहिला												
		आहिले												
प्रकोपको स्वरुप	खडेरी	पहिला												
		आहिले												
	बाढी पहिरो को घटना	पहिला												
		आहिले												

नोट: पहिला भन्नाले ३० वर्षको अनुमान गरिएको छ

स्थानीयको भनाई अनुसार पहिलेको तुलनामा अहिले मनसुन वर्षा छोटिएको र वर्षा पनि एकनासको नहुने र गर्मीका दिनहरु बढ्दै गएको पाइएको छ ।

३.२. प्रकोपको ऐतिहासिक समय रेखा

विगतमा कुन प्रकोपबाट कस्तो जलवायुजन्य घटनाहरु घटेको थियो भन्ने जानकारी लिन समुदायसंग विस्तृत छलफल गरि प्रकोपको ऐतिहासिक रुपरेखा तयार गरिएको छ । यसबाट प्रकोपको निरन्तरता, भविष्यमा दोहिरिन सक्ने अवस्था, त्यसले पुर्याउने क्षति तथा प्रभाव र उक्त प्रकोपसंग अनुकूलित हुन गरिएका प्रयासहरुको बारेमा विश्लेषण गरिएको छ । यस प्रकारको जानकारीबाट विपद जोखिम व्यवस्थापनका क्रियाकलाप तथा अनुकूलन योजना बनाउन आधार मिलेको छ । ऐतिहासिक रुपरेखाको तथ्यांक विश्लेषण गर्दा बाढी, पहिरो, भूक्षय, आगलागी, खडेरी, हावाहुरी र खाद्यान्न सङ्कटका कारण समुदायको जीविकोपार्जनमा प्रत्यक्ष तथा अप्रत्यक्ष असर गरेको पाइएको छ । यस्ता असरहरुबाट बच्नको लागि स्थानीय स्तरमा केहि प्रयासहरु गरिएको पाइएको छ । यद्यपि यस्ता समस्यासँग दीर्घकालीन रूपमा अनुकूलित हुने प्रकारका उपायहरुको कार्यान्वयन गर्न योजनाबद्ध रुपमा तयारी गरिनु आवश्यक देखिन्छ ।

तालिका ९ : प्रकोपको ऐतिहासिक समय रेखाको विवरण

प्रकोप	साल/महिना	स्थान	असर तथा प्रभाव	प्रभावित समुदाय वर्ग	भविष्यमा हुन सक्ने यसका असर तथा प्रभावहरु	प्रयास तथा संस्थागत सहयोग
वडा-१						
बाढी	२०६२, २०६८, २०७३ (निरन्तर)	कोमास खोला, तोरा, साङ्गो मुसी गाउँ	• बाढीले बगाउँदा २ पुरुषको मृत्यु • ३ वटा काठे पुल बगाएको	मुसी गाउँ, कोमास गाउँको को सबै घरधुरी	-आवतजावमा अवरोध, जोखिम तथा क्षतिको सम्भावना बढ्न सक्ने -बाढीको नियन्त्रण नभए पहिरोको सम्भावना रहेको	प्रदेश सरकारको सहयोगमा केहि स्थानमा ग्याविन वाल निर्माण गरिएको
पहिरो	२०७०	कोमास गाउँ	• खेतहरु पुरेको	समुदाय, कृषक समुह	पहिरोको आवृति अझै बढ्न सक्ने	
हिमपहिरो	२०६८, २०७२	निजाल गाउँ, मुसि गाउँ	• ५-६ वटा गोठहरु बगाएको • च्याङ्ग्रा, भेडा (३०-४०) बगाएको • १ पुरुषको मृत्यु	सबै घरधुरी र कृषक समुह, वस्तीका समुदाय	-पशुपालनमा कमि, आर्थिक सङ्कट - जोखिमको सम्भावना बढ्न सक्ने	केहि प्रयास नभएको
हिमपात	२०१७	कोमास	• १५ याकको मृत्यु	वस्तीका समुदाय	थप क्षति हुन सक्ने	

हावाहुरी	२०७९	कोमास	• स्वास्थ्य चौकी, विद्यालयको जस्ता पाताहरु उडाएको	वडा १ का सम्पूर्ण घरधुरीहरु	आर्थिक खर्च बढ्न सक्ने, सेवा प्रभावमा अवरोध	केहि नभएको
असिना पानी	२०७९	कोमास, सुकजेर गाउँ	• फापर, उवा लगायतका बालीहरुमा असर गरेको	सबै वर्ग, समुदाय कृषक समुदाय	खाद्यान्नमा अभाव हुन सक्ने	केहि नभएको
रोगव्याद	निरन्तर	सबै वस्ती	• खाद्यान्न तथा पशपंक्षी जन्य रोग तथा किरा द्वारा उत्पादकत्वमा कमि हुदै गएको (खपटे किरा, गवारो, लाही, चरचरे, फौजी किरा, खोरेत)	कृषक समुदाय	खाद्यान्नमा अभाव तथा गरिबीको अवस्था सृजना हुन सक्ने	
वडा-२						
बाढी	२०७५ (निरन्तर), २०७६ (निरन्तर), २०७७ (निरन्तर)	करांग खोला, हिङ खोला, वान्ग्चे खोला/ सी गाउँ, यूरोक खोला, तिलिङ खोला	• करांग खोलामा आएको वर्षा बाढीले गर्दा खेतीयोग्य जमिन कटान गरि बगाएको, • सिंचाई कुलो भत्काएको • गोरेटो बाटो कटान गरेको, • पानी घट्ट बगाएको • भेडा ९ वटा बगाएको • खेत, कुलो, पानी घट्ट बगाएको • खेत तथा सिंचाई कुलो बगाएको • खेत तथा सिंचाई कुलो बगाएको • खेत, कुलो, गोरेटो बाटो, घट्ट बगाएको	सम्पूर्ण समुदाय, वस्तीका समुदाय, सबै घरधुरी, समुदाय	-थप खेतीयोग्य जमिन बगाउन सक्ने, -आवतजावतमा अवरोध हुन सक्ने - बाढीको आवृति बढ्न सक्ने तथा क्षति पनि बढ्ने - जीविकोपार्जनमा थप समस्या सिर्जना हुन सक्ने - क्षति अझै बढ्न सक्ने - भौतिक पूर्वाधार तथा कृषि - भौतिक पूर्वाधार तथा कृषि उत्पादनमा थप क्षति हुन् सक्ने	वडाको सहयोगमा तारजाली निर्माण गरिएको -प्रयास नभएको

हिमपहिरो	२०७४/२०७७/२०७८ (निरन्तर)	करांग र तिलिंङ गाउँ	• खेत, कुलो, गोरेटो बाटो, • ३-४ वटा घर बगाएको	समुदाय	-बसाई सराई गर्ने बाध्य हुन सक्ने	- प्रयास नभएको
आगलागी	२०७६	करांग र तिलिंङ गाउँ	• करांग गाउँमा भएको आगलागीका कारण २ वटा घरमा आर्थिक क्षति भएको	प्रभावित घरधुरी	-थप नियन्त्रण नभए आर्थिक क्षति बाढी हुने र अन्य घरमा आगलागीको सम्भावना हुने	समुदाय स्वयमले आगलागी नियन्त्रणको प्रयास गरेको
असिना पानी	२०७४/२०७८	करांग र तिलिंङ गाउँ	• खेतीपाती नष्ट गरेको (फापर, उवा, आलु, साग सब्जी)	समुदाय, कृषक वर्ग	-खाद्यान्न र तरकारीको उत्पादनमा कमि	- प्रयास नभएको
वडा-३						
हिमपहिरो	२०७५	शे गुम्बा क्षेत्रमा	• ३ जनाको मृत्यु (महिला-१, पुरुष-२) • शे गुम्बा पुजारीको मृत्यु	पर्यटकीय यात्रु, समुदाय	अन्य क्षेत्रमा असर पर्न सक्ने	-स्थानीय द्वारा खोजी कार्य भएको
बाढी	२०७५, २०७९ (निरन्तर)	कुलुङ खोला, कल्दी खोला, गर्वक खोला, किराथान्का खोला, चांग खोला	• खेती योग्य जमिन कटान	-पुरै वस्ती, समुदाय	जीविकोपार्जनमा असर	-गा.पा. तथा वडाको सहयोगमा केहि स्थानमा मात्र तारजाली निर्माण गरिएको
रोगव्याद	निरन्तर	सबै वस्ती	• खाद्यान्न तथा पशुपन्छी उत्पादनमा कमि (खपटे, पतेरो, झुशिल कीरा, भ्यागुते, टिक्स, नाम्ले, लुतो)	-कृषक समुह, पुरै वस्ती, समुदाय	जीविकोपार्जनमा असर	
वडा-४						
बाढी	२०७७, २०७९ (निरन्तर)	नाम्दो खोला, सेरकारल खोला,रिलुङ खोला, भल्डोक खोला, डल्लुङ खोला, राक्यो खोला	• विभिन्न खोलाहरुमा बाढीले गर्दा खेती योग्य जमिन कटान • ४ वटा काठे पुल बगाएको • पानी घट्ट ३ वटा बगाएको	समुदाय	थप खेतीयोग्य जमिन बगाउन सक्ने तथा बाटो कटान भई आवतजावतमा अवरोध	-गा.पा. तथा वडाको सहयोगमा केहि स्थानमा मात्र तारजाली निर्माण गरिएको
हिमपहिरो	२०७९, मङ्सिर	डुम्दार वस्ती, पैवा वस्ती, सुगु वस्ती, रापा वस्ती	• खेतको पर्खाल बगाएको • खेत कुलो बगाएको • १५ वटा खोरहरु भत्केको	वस्ती तथा समुदाय	अन्य क्षेत्रमा थप असर गर्न सक्ने	

			• २ घरमा आंशिक रुपमा क्षति पुर्याएको • २ वटा सोलार पावर हाउसको घेरवार भत्काएको			
आगलागी	२०७८	रापा वस्ती	• गुम्बा आगलागी हुदा, गुम्बाको पर्खालमा क्षति र काठहरु जलेर नस्ट भएको	-समुदाय	-अन्य स्थानमा आगलागी हुन् सक्ने	समुदाय स्वयमले आगलागी नियन्त्रणको प्रयास गरेको
वडा-५						
बाढी	२०७२,२०७५,२०७९ (निरन्तर)	मुकपोरांग खोला	• निरन्तर भईरहने बाढीका कारण यसले भौतिक रुपमा ठूलो क्षति गरेको छ • सो बढीले ४-५ वटा काठे पुल बगाएको • खेती योग्य जमिन कटान गरेको • गोरेटो बाटोमा क्षति	सबै वस्ती र समुदाय	-पहिरोको सम्भावना, अन्य क्षेत्रमा थप असर गर्न सक्ने	-गा.पा. तथा वडाको सहयोगमा केहि स्थानमा मात्र तारजाली निर्माण गरिएको
पहिरो	२०७२, २०७६, २०७८, २०७९ (साउन, भदौ, कार्तिक) (निरन्तर)	डोक्पो खोला, नाइचो खोला, लाङ खोला, खट्टेवाल	• खेत पुरेको • ३-४ वटा मठ मन्दिरमा क्षति • ३ वटा काठे पुल भत्काएको • खानेपानी पाईपमा क्षति • बाटोमा क्षति गरेको	सबै वस्ती र समुदाय	-अन्य क्षति बढ्न सक्ने	
वडा-६						
पहिरो	२०६५	फोत	• खेतीयोग्य जमिनमा क्षति गरेको	सबै वस्ती र समुदाय	अन्य क्षेत्रमा असर पर्न सक्ने	
वन्यजन्तु आतंक	निरन्तर	फोत	• वन्यजन्तु कारण खेतीपातीमा असर	सबै वस्ती र समुदाय	- जीविकोपार्जनमा असर	समुदाय स्वयमले वन्यजन्तुबाट हुने क्षतिलाई कम गर्न घेरवर गरेको तर प्रभावकारी नभएको

खडेरी	निरन्तर	फोत	• खानेपानी मुहानमा पानी पहिलाको तुलनामा घट्दै गएको	सबै वस्ती र समुदाय	खाद्यान्नमा अभाव भई भोकमरी हुन सक्ने	केहि नभएको
वडा-७						
आगलागी	२०७७, २०७९	कू-गाउँ	• १ घर पूर्णरुपमा जरेर नष्ट, लत्ताकपडा, जिन्सी समान, खाद्य वस्तु जलेर नस्ट • २ घर आंशिक रुपमा जलेर नष्ट भएको, आर्थिक क्षति तथा घरमा रहेको सरसमान जलेर नष्ट	प्रभावित घरधुरी	-अन्य घरधुरीमा आगलागीको सम्भावना	समुदाय स्वयमले आगलागी नियन्त्रणको प्रयास गरेको
बाढी	२०७९ (निरन्तर)	काजेन	• कागेन भन्ने ठाउँमा, बाढीले मुख्य सिंचाई कुलो भत्काएको	-समुदाय	-खाद्यान्न उत्पादनमा कमि, भोकमरीको सम्भावना	
पहिरो	२०७५ (निरन्तर)	कहिङ	• पहिरोको करण गोरेटो बाटो भत्केको	समुदाय	-अन्य क्षेत्रमा थप असर पर्न सक्ने	
वडा-८						
बाढी	२०७९ (निरन्तर)	बाउली गाड खोला/साईजोल, झरनाको बाटो, चग्माथाङ खोला	• पर्यटकीय पदमार्गमा क्षति • १ वटा गोठ बगाएको, • १ वटा शौचालय बगाएको • १ जना व्यक्तिको मृत्यु • गोरेटो बाटोमा क्षति • खेती योग्य जमिन बगाएको	समुदाय, पर्यटक, कृषक समुह	-पर्यटन आगमनमा कमि -होटल व्यवसायमा आर्थिक प्रभाव -अन्य क्षेत्रमा असर -आवतजावतमा अवरोध, सेवा सुविधामा असर - पहिरोको सम्भावना	-गा.पा., वडा र केहि संघसंस्था मार्फत निर्माण कार्य भैरहेको
हिमपात	२०७८, २०७९ (निरन्तर)	छैकाउ, सांगबारी	• २ जना पुरुष बेपत्ता • २ वटा घोडाको पुरेर मृत्यु • ४ वटा याकको • ५० याकको मृत्यु	पुरै घरधुरी, समुदाय	-थप क्षति तथा जोखिम बढ्न सक्ने -आर्थिक सङ्कट	-

आगलागी	२०७५, २०७८	रानी वन, घागर	• चोरी शिकारी मार्फत वनमा आगलागी • वन जंगलमा क्षति	समुदाय वन्यजन्तु	वन पुरै रुपमा विनाश हुन् सक्ने --वनस्पति तथा वन्यजन्तुमा थप असर पर्न सक्ने	समुदाय स्वयमले आगलागी नियन्त्रणको प्रयास गरेको
वन्यजन्तु आतंक	निरन्तर		वन्यजन्तु कारण खेतीपातीमा असर	-समुदाय	-खाद्य, तरकारी र फलफुल अभाव	समुदाय बाट केहि प्रयास भएपनि प्रभावकारी नभएको
वडा ९						
हिमपहिरो	२०६७ (निरन्तर), २०६९ (निरन्तर)	कुम, कमारा हाइड्रो पावर	• कुम भन्ने स्थानमा हिमपातले गर्दा २०-२५ वटा याकको पुरेर मृत्यु साथै अन्य २ जना पुरुषको पनि मृत्यु भएको • पावर हाउसको संरचनामा आर्थिक रुपले क्षति	कृषक वर्ग, प्रभावित घरधुरी, पुरै वस्ती, समुदाय	-जीविकोपार्जनमा असर, आर्थिक सङ्कट तथा मानवीय क्षति हुन् सक्ने - विद्युत प्रसारणमा अवरोध पर्न सक्ने -आर्थिक खर्च बढ्न सक्ने	
आगलागी	२०५५, २०७९, मंसिर	पुग्मो	• गुम्बामा आगलागीका कारण आर्थिक क्षति भएको • १ घर पूर्णरुपमा जलेर नष्ट, लत्ताकपडा तथा खाद्यान्न जलेर नष्ट	वस्तीका समुदाय, घरधुरी	-अन्य घरधुरीमा आगलागीको सम्भावना - घरहरु विचको दुरी नजिक हुदा आगलागीको सम्भावना उच्च रहेको	समुदाय स्वयमले आगलागी नियन्त्रणको प्रयास गरेको
पहिरो	२०७९, भदौ	कमारा खोला, कुनास खोला	• पहिरोले गर्दा कमारा खोलामा ५ देखि ६ वटा काठे पुल पुरेको • कुनास खोलामा पहिरोको कारण ७-८ वटा काठे पुल भत्केको	समुदाय	-समयमै नियन्त्रण हुन नसके मानवीय क्षति हुन सक्ने - अन्य क्षेत्रमा थप असर गर्न सक्ने	

चट्यांग	२०६०	कुनास	• चट्याङ्ग लागेर १ जना पुरुषको मृत्यु	प्रभावित घरधुरी	-अन्य संरचनामा थप असर गर्न सक्ने	
वन्यजन्तु आतकं	निरन्तर	कोहेरु, पुग्मो, गुम्बा	• वन्यजन्तु कारण खेतीपातीमा असर	कृषक समुह, समुदाय	समुदायमा वन्यजन्तु प्रति प्रतिसोधको भावना पैदा हुन सक्ने	समुदाय बाट केहि प्रयास भएपनि प्रभावकारी नभएको

३.३. सामाजिक स्रोत तथा प्रकोप नक्सांकन

समुदायमा रहेको संकटासन्नता र प्राकृतिक स्रोत साधनको क्षमता पहिचान गर्नका लागि सामाजिक स्रोत नक्सांकन उपयोगी औजार भएको छ । यस स्रोत तथा प्रकोप नक्सांकनको लागि वडाका जनप्रतिनिधि, स्थानीय समुदाय र सरोकारवालासंग छलफल गरि जीविकोपार्जनका स्रोतहरु पहिचान गरि तयार गरिएको छ । साथै ऐतिहासिक प्रकोपको रुपरेखा र जोखिम क्षेत्रको पहिचान (जस्तैः बाढी, नदी कटान, भूक्षय, पहिरो, हिमपात, खडेरी, आगलागी लगायत अन्य प्रकोपहरु) गरिएको छ । समाजिक स्रोत नक्सांकनले कुनै पनि स्थानको वर्तमान अवस्था बारे जानकारी दिने हुँदा यो विधि समुदायको स्रोतमा भएको र हुनसक्ने क्षति बारे आँकलन गर्न, विपदको समयमा उद्धार तथा योजना निर्माण गर्न र कार्यान्वयनमा सहजता प्रदान गर्ने अत्यन्तै महत्वपूर्ण विधि भएको छ ।



(स्रोत; Arc GIS 10.4) चित्र :९ सामाजिक स्रोत तथा प्रकोप नक्साकंन (पहिलो)



(स्रोत; Arc GIS 10.4) चित्र :१० सामाजिक स्रोत तथा प्रकोप नक्साकंन (दोस्रो)



(स्रोत; Arc GIS 10.4) चित्र :११ सामाजिक स्रोत तथा प्रकोप नक्साकंन (तेस्रो)

३.४. संकटासन्न घरधुरी तथा वर्ग पहिचान

यस गाउँपालिकाको संकटासन्न घरधुरी तथा वर्ग यकिनको लागि प्रत्येक वडामा वडास्तरीय बैठक बसी जनप्रतिनिधि, र स्थानीयवासीसंग अन्तरक्रिया तथा छलफल मार्फत तयार गरिएको छ । सो क्रममा उपस्थित वडाका जनप्रतिनिधि तथा स्थानीयवासीहरुसँग संकटासन्न घरधुरी भनेको के हो, किन संकटासन्न छन, र जलवायु परिवर्तनका असरहरु बाट कस्तो घरधुरी वर्ग बढी प्रभावित हुन्छ र यसबाट बच्न वा अनुकूलन हुन संकटासन्न लक्षित घरधुरी तथा वर्गलाई किन समावेश गर्ने भन्ने विषयमा बहस तथा छलफल गरियो । सबैलाई यो कार्य बारे प्रस्ट पारे पछि संकटासन्न घरधुरी तथा वर्ग पहिचान गर्ने तरिका बारे जानकारी गराइयो । सबै वडाहरुमा संकटासन्न पहिचान गर्नको लागि मुख्य

गरि तीन वटा पक्षहरुलाई आधार मानी विश्लेषण गरिएको छ। जस अनुसार:१. जीविकोपार्जनका पाँच प्रकारका सम्पति (प्राकृतिक, सामाजिक, आर्थिक, भौतिक, र मानवीय सम्पति) माथि पहुँच तथा नियन्त्रण २. आफ्नो उत्पादनले खान पुग्ने समय अवधि र ३. प्रत्येक घरधुरीको जलवायु परिवर्तनबाट सिर्जित समस्या तथा प्रकोपको सम्मुखता संवेदनशीलता र अनुकूलन क्षमताको आधारमा जोखिम विश्लेषण । तालिकामा यी आधारहरु लाई विस्तृत रुपमा विश्लेषण गरि संकटासन्नताको प्रस्तुत गरिएको छ ।

तालिका१० : जलवायुजन्य जोखिमको आधारमा वडागत संकटासन्न घरधुरी विवरण

वडा नं.	संकाटासन्न घरधुरी				जम्मा घरधुरी
	अति उच्च (V4)	उच्च (V3)	मध्यम (V2)	न्यून (V1)	
१	३१	६४	५२	६	१५३
२	१७	८१	४६	३	१४७
३	२०	६५	३७	५	१२७
४	३८	५४	३९	६	१३७
५	१५	१९	१२	४	५०
६	२	८	४	-	१४
७	६	१६	१२	३	३७
८	१४	५४	१६	८	९२
९	८	२४	१०	२	४४
जम्मा	१५१	३८५	२२८	३७	८०१

स्रोत: घरधुरी सर्वेक्षण, २०८०



माथि तालिकामा प्रस्तुत गरिएका आधारहरु लाई अध्ययन गर्दा पालिका भरि कूल घरधुरी संख्या मध्ये १५१ घरधुरी उच्च संकटासन्न घरधुरी अन्तर्गत पर्दछन् । त्यसैगरि ३८५ र २२८ घरधुरी उच्च र मध्यम प्रकारको संकटासन्नमा रहेको देखिएको छ भने ३७ घरधुरी न्यून् संकटासन्नमा रहेका छन् ।

३.५ संकटासन्नता तथा जोखिम विश्लेण र स्तरिकरण

शे फोक्सुण्डो गाउँपालिकाको जलवायुजन्य प्रकोप, सम्मुखता, संवेदनशीलता, र अनुकूलन क्षमता सूचकाङ्क विश्लेषण गर्नको लागि नेपाल सरकार, तत्कालीन जनसंख्या तथा वातावरण मन्त्रालयले IPCC, AR5 report को आधारमा तयार गरेको Vulnerability and Risk Assessment Framework and Indicators for National Adaptation Plan (NAP) Formulation Process in Nepal, 2017 ले तय गरेको तथा नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय, Vulnerability and Risk Assessment and Identifying Adaptation Options: Summary for Policy Makers, 2021 ले प्रयोग गरेको सूचकहरु (Indicator) मध्येबाट शे फोक्सुण्डो गाउँपालिकाको लागि उपयुक्त सूचकहरुको पहिचान एवं छनौट गरी विश्लेषण गरिएको छ । प्रकोप, सम्मुखता, संवेदनशीलता, र अनुकूलन क्षमता सूचकाङ्कको लागि छनौट गरिएको सूचकहरुको सुरुमा Satty scale महत्वका अङ्क प्रदान गर्दै Analytical Hierarchy Process (AHP) विधि प्रयोग गरि सूचकहरुको औसत मान (Weightage) पत्ता लगाइयो । गाउँपालिकामा देखा परेका जलवायुजन्य प्रकोप, सम्मुखता, संवेदनशीलता, र अनुकूलन क्षमता सूचकाङ्कहरुको भौगोलिक सुचना प्रणाली (GIS) र सहभागितामुलक विधिमार्फत मान प्राप्त गरी उक्त मानलाइ शून्य (०) देखि एक (१) को बीचमा मान रहने न्यूनतम अधिकतम (Min-Max) विधिबाट सामान्यीकरण गर्दै सूचक औसत मानको गुणात्मकता निर्धारण गरी सूचकाङ्क प्राप्त गरियो ।

३.५.१ प्रकोप सूचकाङ्क

निम्न तालिकाहरुमा देखाइए अनुसारको जलवायुजन्य प्रकोपको असर तथा जलवायुजन्य घटनाहरुको सुचकाङ्कहरुको मुल्याकंन र विश्लेषण गरी हरेक वडाहरुको जलवायुजन्य प्रकोप जोखिमको सुचकांक निर्धारण गरिएको छ । यस अनुसार जलवायुजन्य प्रकोपबाट वडा नं. ८ सबै भन्दा बढी जोखिम र वडा नं. ४ सबै भन्दा कम जोखिममा देखिएको छ ।

तालिका ११ : जलवायु जन्य प्रकोपको असर तथा घटनाहरुका सूचकहरुको वडागत मान

वडागत सूचकाङ्क										औसत
सूचकहरु/वडा	वडा नं. १	वडा नं. २	वडा नं. ३	वडा नं. ४	वडा नं. ५	वडा नं. ६	वडा नं. ७	वडा नं. ८	वडा नं. ९	
जलवायुजन्य प्रकोप बाट बेपत्ता तथा मानवीय क्षति	०.२३७	०.०००	०.४८८	०.०००	०.०८८	०.०९४	०.०००	०.१४८	०.१९७	०.१३९
जलवायुजन्य प्रकोप बाट मानवीय घाइते	०.०००	०.२६७	०.१२२	०.३१५	०.१३३	०.२८३	०.१७१	०.१११	०.०००	०.१५६
जलवायुजन्य प्रकोप बाट वस्तुभाउ बेपत्ता तथा क्षति	०.२२८	०.०००	०.०१०	०.०००	०.०३६	०.०३३	०.०१३	०.१४८	०.०९३	०.०६२
जलवायुजन्य प्रकोप बाट व्यक्तिगत भौतिक पूर्वाधारमा क्षति	०.०६५	०.१३०	०.०६७	०.१०९	०.२३७	०.११०	०.३६०	०.२१९	०.२२३	०.१६९
जलवायुजन्य प्रकोप बाट सार्वजनिक भौतिक पूर्वाधारमा क्षति	०.०२४	०.०६१	०.०००	०.०१६	०.१५०	०.०५३	०.२३४	०.१४८	०.१४७	०.०९३
जलवायुजन्य प्रकोप बाट कृषि उत्पादन तथा बालीनालीमा क्षति	०.००६	०.१८५	०.०००	०.१५६	०.१०८	०.२८३	०.००२	०.०४६	०.०३२	०.०९१
सम्भावित जोखिममा रहेका हिमतालहरु	०.२३७	०.०००	०.२४४	०.३१५	०.१३३	०.१४२	०.१७१	०.०७४	०.१९७	०.१६८
जलवायुजन्य प्रकोपहरुको वारम्वारता	०.२०३	०.३५७	०.०७०	०.०९०	०.११४	०.०००	०.०४९	०.१०६	०.११२	०.१२२
जम्मा	१	१	१	१	१	१	१	१	१	१

तालिका १२: जलवायुजन्य प्रकोपको असर तथा घटनाहरुको वडागत सूचकाङ्क

	वडागत सूचकाङ्क								
सूचकहरु/वडा	वडा नं. १	वडा नं. २	वडा नं. ३	वडा नं. ४	वडा नं. ५	वडा नं. ६	वडा नं. ७	वडा नं. ८	वडा नं. ९
जलवायुजन्य प्रकोप बाट बेपत्ता तथा मानवीय क्षति	०.३६८	०.०००	०.३६८	०.०००	०.१२३	०.१२३	०.०००	०.३६८	०.३६८
जलवायुजन्य प्रकोप बाट मानवीय घाइते	०.०००	०.१५६	०.०५२	०.१०४	०.२०८	०.२०८	०.१०४	०.१५६	०.०००
जलवायुजन्य प्रकोप बाट वस्तुभाठ बेपत्ता तथा क्षति	०.१४५	०.०००	०.००३	०.०००	०.०१८	०.०१८	०.००६	०.१५१	०.०७१
जलवायुजन्य प्रकोप बाट व्यक्तिगत भौतिक पूर्वाधारमा क्षति	०.००९	०.०१२	०.००५	०.००६	०.०१३	०.०१३	०.०३५	०.०४९	०.०३८
जलवायुजन्य प्रकोप बाट सार्वजनिक भौतिक पूर्वाधारमा क्षति	०.००५	०.००८	०.०००	०.००१	०.००८	०.००८	०.०३०	०.०४४	०.०३३
जलवायुजन्य प्रकोप बाट जम्मा कृषि उत्पादन तथा बालीनालीमा क्षति	०.०००	०.०१०	०.०००	०.००५	०.०१९	०.०१९	०.०००	०.००६	०.००३
सम्भावित जोखिममा रहेका हिमतालहरु	०.१०४	०.०००	०.०५२	०.०५२	०.०५२	०.०५२	०.०५२	०.०५२	०.१०४
जलवायुजन्य प्रकोपहरुको वारम्वारता	०.०६२	०.०७२	०.०१०	०.०१०	०.०००	०.०००	०.०१०	०.०५१	०.०४१
जम्मा	०.६९४	०.२५७	०.४९	०.१७८	०.४४१	०.४४१	०.२३८	०.८७८	०.६५९

३.५.२ सम्मुखता सूचकाङ्क

निम्न तालिकाहरुमा देखाइए अनुसारको सम्मुखताको सुचकहरुको मुल्याकंन र विश्लेषण गरी हरेक वडाहरुको जलवायुजन्य सम्मुखताको सुचकांक निर्धारण गरिएको छ । जस अनुसार जलवायु परिवर्तनबाट सबै भन्दा बढि सम्मुख वडा नं. १ र सबै भन्दा कम सम्मुख वडा नं. ६ रहेको पाइएको छ ।

तालिका १३: सम्मुखताका सूचकहरुको वडागत मान

सम्मुखताका सूचकहरुको वडागत मान										
सूचकहरु/वडा	वडा नं. १	वडा नं. २	वडा नं. ३	वडा नं. ४	वडा नं. ५	वडा नं. ६	वडा नं. ७	वडा नं. ८	वडा नं. ९	औसत
जम्मा जनसंख्या	०.३७८	०.३११	०.३१७	०.३२४	०.०८४	०.०००	०.५६४	०.२०४	०.१४६	०.२५९
खेति योग्य जमिन (वर्ग कि.मि.)	०.२४५	०.४२१	०.३३४	०.३७२	०.४१७	०.५६४	०.०११	०.०४१	०.०७८	०.२७६
वन क्षेत्र (वर्ग कि.मि.)	०.०००	०.०००	०.०००	०.०००	०.०००	०.०००	०.०००	०.४७९	०.६७३	०.१२८
वस्ती/आवास क्षेत्र (वर्ग कि.मि.)	०.३७८	०.२६८	०.३४९	०.३०४	०.४९९	०.४३६	०.४२६	०.२७६	०.१०३	०.३३८
जम्मा	१	१	१	१	१	१	१	१	१	१

तालिका १४: सम्मुखताको वडागत सुचकांक मान

सम्मुखताको वडागत सूचकाङ्क मान									
सूचकहरु/वडा	वडा नं. १	वडा नं. २	वडा नं. ३	वडा नं. ४	वडा नं. ५	वडा नं. ६	वडा नं. ७	वडा नं. ८	वडा नं. ९
जम्मा जनसंख्या	०.४८७	०.३५९	०.२८१	०.३८७	०.०७७	०.०००	०.०६५	०.२०८	०.०९२
खेति योग्य जमिन (वर्ग कि.मि.)	०.२०७	०.३१८	०.१९४	०.२९१	०.२४९	०.०१२	०.००१	०.०२८	०.०३२
वन क्षेत्र (वर्ग कि.मि.)	०.०००	०.०००	०.०००	०.०००	०.०००	०.०००	०.०००	०.११२	०.०९७
वस्ती/आवास क्षेत्र (वर्ग कि.मि.)	०.०८१	०.०५१	०.०५१	०.०६०	०.०७६	०.००४	०.००८	०.०४७	०.०११
जम्मा	०.७७६	०.७२९	०.५२६	०.७३८	०.४०२	०.०१५	०.०७३	०.३९५	०.२३२

३.५.३ संवेदनशीलता सूचकाङ्क

निम्न तालिकाहरुमा देखाइए अनुसारको संवेदनशीलताको सुचकहरुको मुल्याकंन र विश्लेषण गरी हरेक वडाहरुको जलवायु परिवर्तन बाट संवेदनशीलताको सुचकांक निर्धारण गरिएको छ । जस अनुसार जलवायु परिवर्तनबाट सबै भन्दा बढि संवेदनशील वडा नं. ५ र सबै भन्दा कम संवेदनशील वडा नं. २ रहेको पाइएको छ ।

तालिका१५ : संवेदनशीलता सुचकहरुको वडागत मान

संवेदनशीलता सूचकहरुको वडागत मान										औसत
सूचकहरु/वडा	वडा नं. १	वडा नं. २	वडा नं. ३	वडा नं. ४	वडा नं. ५	वडा नं. ६	वडा नं. ७	वडा नं. ८	वडा नं. ९	
१८ वर्ष भन्दा मुनि र ६०+ भन्दा माथिका जनसंख्या	०.२६४	०.०००	०.२७०	०.०२४	०.१७४	०.१६९	०.१९९	०.११८	०.१३०	०.१५०
महिलाको जनसंख्या	०.०९६	०.१५२	०.०९१	०.१२५	०.०००	०.१५२	०.१९९	०.०८९	०.०७३	०.१०८
असक्त जनसंख्या	०.०००	०.१७६	०.०८०	०.१९१	०.२१०	०.०५६	०.०६७	०.०१६	०.११६	०.१०१
वडा बाट पालिका केन्द्र सम्मको दुरी	०.०६१	०.०१३	०.०००	०.०१८	०.०६२	०.१००	०.०८२	०.१८१	०.२८६	०.०८९
बायोमास ऊर्जाको प्रयोग गर्ने घरधुरी	०.२१२	०.२३८	०.२०१	०.१७९	०.११०	०.२२१	०.१७८	०.०३५	०.०००	०.१५३
बाढी जोखिम वस्ती	०.२८२	०.२२६	०.२१८	०.२०१	०.०७०	०.०००	०.०६६	०.१९७	०.०९५	०.१५१
दाउराको प्रयोग गर्ने घरधुरी	०.०२७	०.०१६	०.०००	०.०२९	०.०४०	०.०७४	०.०२८	०.१९२	०.२०५	०.०६८
गरीबी घरधुरी	०.०००	०.१०८	०.०७१	०.०६६	०.१३७	०.२२१	०.१२४	०.०४१	०.०३०	०.०८९
३० डिग्री भन्दा माथि भिरालोपनमा रहेका घरधुरी	०.०५९	०.०७१	०.०६८	०.१६७	०.१९८	०.००७	०.०५६	०.१३१	०.०६५	०.०९१
जम्मा	१	१	१	१	१	१	१	१	१	१

तालिका १६: संवेदनशीलताको वडागत सूचकाङ्क

संवेदनशीलताको वडागत सूचकाङ्क									
सूचकहरु/वडा	१ नं. वडा	२ नं. वडा	३ नं. वडा	४ नं. वडा	५ नं. वडा	६ नं. वडा	७ नं. वडा	८ नं. वडा	९ नं. वडा
१८ वर्ष भन्दा मुनि र ६०+ भन्दा माथिको जनसंख्या	०.०८३	०.०००	०.०७३	०.००७	०.०७३	०.०६८	०.०८८	०.०५३	०.०४०
महिलाको जनसंख्या	०.०१५	०.०२०	०.०१३	०.०१९	०.०००	०.०३१	०.०४५	०.०२०	०.०११
असक्तको जनसंख्या	०.०००	०.०४४	०.०२१	०.०५३	०.०८४	०.०२१	०.०२८	०.००७	०.०३४
वडा बाट पालिका केन्द्र सम्मको दुरी	०.०१६	०.००३	०.०००	०.००४	०.०२२	०.०३३	०.०३०	०.०६८	०.०७४
बायोमास ऊर्जाको प्रयोग गर्ने घरधुरी	०.०४३	०.०४०	०.०३५	०.०३४	०.०३०	०.०५७	०.०५१	०.०१०	०.०००
बाढी जोखिम वस्ती	०.१४५	०.०९७	०.०९७	०.०९७	०.०४८	०.०००	०.०४८	०.१४५	०.०४८
दाउराको प्रयोग गर्ने घरधुरी	०.००६	०.००३	०.०००	०.००६	०.०१२	०.०२२	०.००९	०.०६४	०.०४७
गरीबी घरधुरी	०.०००	०.०७३	०.०५०	०.०५१	०.१५०	०.२३०	०.१४३	०.०४७	०.०२४
३० डिग्री भन्दा माथि भिरालोपनमा रहेको घरधुरी	०.०४४	०.०४४	०.०४४	०.११७	०.१९९	०.००७	०.०६०	०.१४०	०.०४८
जम्मा	०.३५३	०.३२५	०.३३१	०.३८९	०.६१८	०.४६९	०.५०४	०.५५५	०.३२६

३.५.४ अनुकूलन क्षमता सूचकाङ्क

निम्न तालिकाहरुमा देखाइए अनुसारको अनुकूलन क्षमताको सुचकहरुको मुल्याकंन र विश्लेषण गरी हरेक वडाहरुको जलवायु परिवर्तन अनुकूलन क्षमताको सुचकांक निर्धारण गरिएको छ । जस अनुसार जलवायु परिवर्तन सँग प्रतिरोध गर्न सबै भन्दा बढि अनुकूलन क्षमता वडा नं. ५ मा र सबै भन्दा कम अनुकूलन क्षमता वडा नं. ७ मा रहेको पाइएको छ।

तालिका १७: अनुकूलन क्षमताको सूचकहरुको वडागत मान

अनुकूलन क्षमताको सूचकहरुको वडागत मान										औसत
सूचकहरु/वडा	१ नं. वडा	२ नं. वडा	३ नं. वडा	४ नं. वडा	५ नं. वडा	६ नं. वडा	७ नं. वडा	८ नं. वडा	९ नं. वडा	
रोजगार जनसंख्या	०.०३१	०.०००	०.०५१	०.०२८	०.१५७	०.२७१	०.२०१	०.०८४	०.२२०	०.११६
शिक्षित जनसंख्या	०.०३५	०.०९९	०.१३५	०.०७६	०.१५७	०.०००	०.१२७	०.१०४	०.०५६	०.०८८
सिंचित क्षेत्र	०.०६७	०.२८३	०.१७४	०.०५५	०.०८२	०.०००	०.०९२	०.०००	०.०००	०.०८४
सुरक्षित खानेपानीको भएको घरधुरी	०.०८०	०.१५७	०.१४९	०.१४५	०.१५८	०.०००	०.०१६	०.१४३	०.०४७	०.०९९
लघु जलविधुत जडान भएको घरधुरी	०.०००	०.०००	०.०००	०.०००	०.०००	०.०००	०.०००	०.०००	०.२२०	०.०२४
विधालयको संख्या	०.२४९	०.०५८	०.०००	०.०६०	०.०००	०.०००	०.०००	०.०९६	०.०००	०.०५१
स्वास्थ्य चौकीको संख्या	०.१२४	०.२३१	०.०८७	०.२३९	०.०७९	०.२४३	०.२२५	०.०९६	०.०००	०.१४७
खानेपानी वितरणका योजनाहरु	०.०००	०.०००	०.१७४	०.०००	०.१५८	०.४८६	०.०००	०.०००	०.२२०	०.११५
बजार क्षेत्र	०.०००	०.०००	०.०४३	०.०००	०.०३९	०.०००	०.०००	०.१९१	०.०००	०.०३०
पर्यटकीय स्थलहरु	०.१६६	०.०००	०.०५८	०.१५९	०.०५३	०.०००	०.०००	०.१९१	०.०७३	०.०७८
सामुदायिक सहकारी/समुह	०.२४९	०.१७३	०.१३०	०.२३९	०.११८	०.०००	०.३३८	०.०९६	०.१६५	०.१६७
जम्मा	१	१	१	१	१	१	१	१	१	१

तालिका १८: अनुकूलन क्षमताको वडागत सूचकाङ्क

अनुकूलन क्षमताको वडागत सूचकाङ्क									
सूचकहरु/वडा	वडा नं. १	वडा नं. २	वडा नं. ३	वडा नं. ४	वडा नं. ५	वडा नं. ६	वडा नं. ७	वडा नं. ८	वडा नं. ९
रोजगार जनसंख्या	०.००८	०.०००	०.०२	०.००७	०.०६१	०.०३४	०.०२७	०.०२७	०.०६१
शिक्षित जनसंख्या	०.०१८	०.०५७	०.१०	०.०४२	०.१३३	०.०००	०.०३८	०.०७२	०.०३४
सिंचित क्षेत्र	०.००८	०.०३७	०.०३	०.००७	०.०१६	०.०००	०.००६	०.०००	०.०००
सुरक्षित खानेपानी पहुँच भएको घरधुरी	०.०४९	०.१०४	०.१३	०.०९३	०.१५३	०.०००	०.००५	०.११५	०.०३३
लघु जलविधुत जडान भएको घरधुरी	०.०००	०.०००	०.००	०.०००	०.०००	०.०००	०.०००	०.०००	०.०६५
विधालयको संख्या	०.२२०	०.०५५	०.००	०.०५५	०.०००	०.०००	०.०००	०.११०	०.०००
स्वास्थ्य चौकीको संख्या	०.०५५	०.१०९	०.०५	०.१०९	०.०५५	०.०५५	०.०५५	०.०५५	०.०००
खानेपानी वितरणका योजनाहरु	०.०००	०.०००	०.०७	०.०००	०.०६७	०.०६७	०.०००	०.०००	०.०६७
बजार क्षेत्र	०.०००	०.०००	०.०१	०.०००	०.००६	०.०००	०.०००	०.०२५	०.०००
पर्यटकीय स्थलहरु	०.०६९	०.०००	०.०३	०.०६९	०.०३४	०.०००	०.०००	०.१०३	०.०३४
सामुदायिक सहकारी/समुह	०.०३५	०.०२६	०.०३	०.०३५	०.०२६	०.०००	०.०२६	०.०१७	०.०२६
जम्मा	०.४६२	०.३८८	०.४७	०.४१८	०.५५०	०.१५६	०.१५७	०.५२४	०.३२०

३.५.५ जोखिमका आधारमा वडा स्तरीकरण

निम्न तालिकामा देखाइए अनुसार जलवायुजन्य प्रकोप, सम्मुखता, संवेदनशीलता, र अनुकूलन क्षमताको सूचकाङ्कहरुको मुल्याकंन र विश्लेषण गरी हरेक वडाहरुको सामुदायिक तथा पारिस्थिकीय जोखिमको स्तरीकरण गरिएको छ । संवेदनशीलता र अनुकूलन क्षमता सूचकाङ्कका आधारमा संकटासन्नताको सूचाकांक निकालिएको छ भने जलवायुजन्य प्रकोप, सम्मुखता, र संकटासन्नताको सूचकाङ्का आधारमा जोखिमको सूचाकांक निकालिएको छ । प्राप्त भएको वडागत सूचकांकहरुलाइ Jenks natural breaks (Jenks, 1967) को विधि बाट वडागत संकटासन्नता एवं वडागत जोखिमको स्तरीकरण गरिएको छ । जस अनुसार वडा नं. ६ र ७ सबै बढि भन्दा संकटासन्न र वडा नं. १ मा सबै भन्दा कम संकटासन्न पाइएको छ भने वडा नं. ५ र ८ अति उच्च जोखिममा र वडा नं. ३ कम जोखिममा रहेको पाइएको छ ।

तालिका १९: प्रकोप, सम्मुखता, संवेदनशीलता र अनुकूलन क्षमताका आधारमा संकटासन्नता र जोखिकको स्तरिकरण

वडाहरु	प्रकोप (क)	सम्मुखता (ख)	संवेदनशीलता (ग)	अनुकूलन क्षमता (घ)	संकटासन्नता (ङ) (ग-घ)	जोखिम (क*ख*ङ)	जोखिम स्तरीकरण
वडा नं.१	०.६९४	०.७७६	०.३५३	०.४६२	-०.१०९	-०.०५९	अति कम
वडा नं.२	०.२५७	०.७२९	०.३२५	०.३८८	-०.०६४	-०.०१२	मध्यम
वडा नं.३	०.४९०	०.५२६	०.३३१	०.४७१	-०.१३९	-०.०३६	कम
वडा नं.४	०.१७८	०.७३८	०.३८९	०.४१८	-०.०२९	-०.००४	मध्यम
वडा नं.५	०.४४१	०.४०२	०.६१८	०.५५०	०.०६८	०.०१२	अति उच्च
वडा नं.६	०.४४१	०.०१५	०.४६९	०.१५६	०.३१४	०.००२	उच्च
वडा नं.७	०.२३८	०.०७३	०.५०४	०.१५७	०.३४७	०.००६	उच्च
वडा नं.८	०.८७८	०.३९५	०.५५५	०.५२४	०.०३१	०.०११	अति उच्च
वडा नं.९	०.६५९	०.२३२	०.३२६	०.३२०	०.००६	०.००१	उच्च



(*स्रोत: Arc GIS 10.4*); चित्र १२ :वडागत संकटासन्नता स्तरीकरण



चित्र १३ :वडागत जोखिम स्तरीकरण

३.६. पहिरोको अवस्था

भौगोलिक बनावट र भौगर्भिक अवस्थाका कारण संवेदनशील रहेको यस क्षेत्रमा भूक्षय र पहिरोको सम्भावना उच्च रहेको पाइन्छ । विभिन्न स्थानमा पहिरोले गर्दा भौतिक, आर्थिक तथा मानवीय क्षति जस्ता घटनाहरु बढ्दै गएको छ। स्थलगत अध्ययन, स्थानीय संगको छलफल तथा Geographic Information System (GIS) विधिबाट Rapid Landslide Hazard Assessment नक्सा तयार गरिएको छ । सो आधार लाई मूल्यांकन गर्दा पालिकामा पहिरोको जोखिमलाई अति उच्च, उच्च, मध्यम, कम र अति कम गरि ५ स्तरमा विभाजन गरि विश्लेषण गरिएको छ ।



चित्र :१४ पहिरो जोखिम विश्लेषण नक्सा

४५ डिग्री भन्दा माथिको भिरालो भूभाग र वर्तमानमा गएको पहिरो क्षेत्रलाई अति उच्च पहिरो जोखिम क्षेत्र, ३० देखि ४५ डिग्री सम्मको भिरालो भूभाग र पहिरोको सम्भावित क्षेत्र लाई उच्च जोखिममा समावेश गरिएको छ । साथै २० देखि ३० डिग्री भिरालो र विगतमा पहिरो गइसकेको स्थानमा पुनजीवित (Regeneration) भैसकेको भूभाग लाई मध्यम

जोखिम र १० देखि २० वा सो भन्दा कम डिग्री भिरालो जमिनलाई कम र अति कम पहिरो जोखिम क्षेत्रको रुपमा पहिचान गरिएको छ।

३.७. बाढी/ नदी तथा खोला कटानको अवस्था

बाढी तथा नदी कटान यस क्षेत्रको प्रमुख प्रकोप रुपमा रहेको छ । अनियमित वर्षाका कारण खोला तथा खोल्सीमा आउने फेरबदलले गर्दा बाढी जन्य प्रकोपको घटनाक्रम बढ्दै गहिरहेको छ । जसले गर्दा खेतीयोग्य जमिन कटान, सिंचाई कुलो, खानेपानी पाईप, गोरेटो/घोरेटो बाटो, पुल पुलेसामा क्षति तथा मानवीय घटनाहरु घटेका छन् । यस पालिकामा केहि वस्तीहरु (किमाथान्का, सुगु, भिजेर, र कू गाउँ) खोला आसपास क्षेत्रमा रहेको हुँदा सो स्थानमा बाढी जन्य प्रकोपको सम्भावना रहेको देखिन्छ।



चित्र :१५ बाढी जोखिम विश्लेषण क्षेत्रको नक्सा

३.८. प्रकोप पात्रो

कुन समयमा कुन प्रकोप हुन्छ भनेर पत्ता लगाई त्यसको समय रेखा तयार गरिएको छ । पालिका क्षेत्रमा विभिन्न स्थानमा घट्ने जलवायु जन्य प्रकोपको स्वरुप, प्रकृति, वारम्बारता जस्ता पक्षहरु फरक पर्ने भएकोले यसले पर्ने क्षतिको आकार पनि फरक हुने गर्दछ । सम्भावित प्रकोप हुने समय र क्षतिको पूर्वानुमान गरि आँकलन गर्न र आवश्यक पूर्व तयारी गर्न यस पात्रोले सहयोग पुग्ने विश्वास लिएको छ । समय अनुसार पालिका क्षेत्रमा हुने प्रकोपको विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका २०: समय अनुसार प्रकोपको विवरण

प्रकोप		बैशाख	जेठ	असार	साउन	भदौ	असोज	कार्तिक	मंसिर	पुस	माघ	फागुन	चैत्र
बाढी	पहिले	****	**	****	****	****							*
	अहिले	****	****	**	****	****							****
पहिरो	पहिले	****	**	****	****	****							
	अहिले	****	****	**	****	****							**
हिमपहिरो	पहिले							****	****	****	****	****	***
	अहिले							****	****	****	****	****	****
हिमपात	पहिले							****	****	****	****	****	***
	अहिले							****	****	****	****	****	****
खडेरी	पहिले	****	***										**
	अहिले	****	****									***	****
हावाहुरी	पहिले	****	****	****	****	****	****	****	****	****	****	****	****
	अहिले	****	****	****	****	****	****	****	****	****	****	****	****
भूक्षय	पहिले												
	अहिले	****	****	****	****	****							
आगलागि	पहिले	*											**
	अहिले	*											****
वन्यजन्तु आतंक	पहिले	****	****	****	****	****	****	****	****	****	****	****	****
	अहिले	****	****	****	****	****	****	****	****	****	****	****	****

३.९. बाली पात्रो

परिवर्तित जलवायु परिवर्तनले गर्दा बाली क्षेत्रमा हुने असर तथा त्यसको प्रभावको विश्लेक्षण गर्नु पर्ने आवश्यक देखिन्छ । जलवायु प्रणालीले कृषि संग प्रत्यक्ष सम्बन्ध राख्ने हुदा जलवायुमा आउने परिवर्तनले बाली चक्रमा समेत प्रभाव पर्ने गर्दछ । सो को वृस्तृत आध्यनका लागि स्थानीय कृषक समुह, गाउँपालिकाको कृषि शाखाको कर्मचारीको सहभागिता, जेष्ठ नागरिकहरुको अनुभव तथा अनुभूतिको आधारमा पालिकाको बाली पात्रो तयार गरिएको छ । स्थानीयको भनाई अनुसार केहि समय यता जलवायु परिवर्तनका सूचकमा परिवर्तन हुदा बाली चक्रमा केहि फेरबदल भएको देखिन्छ ।

तालिका २१: शे फोक्सुण्डो गा.पा . को बाली पात्रो

बाली		बैशाख	जेठ	असार	साउन	भदौ	असोज	कार्तिक	मंसिर	पुस	माघ	फागुन	चैत्र
उवा	पहिले	****	****	****	****	****	****	****					
	अहिले	****	****	****	****	****	****						*
फापर	पहिले		****	****	****	****	****	*					
	अहिले		*	****	****	****	****						
गहुँ	पहिले	****	****	****	****	****	****						*
	अहिले	****	****	****	****	****	****						
तोरी	पहिले		**	****	****	****	****						
	अहिले		*	****	****	****	****						
आलु	पहिले	****	****	****	****	****	****	**					
	अहिले	****	****	****	****	****							

३.१०. जीविकोपार्जनका सम्पतिहरुको विश्लेषण

यस गाउँपालिका सबै वडाहरुमा समुदायसंग जीविकोपार्जनका सम्पतिहरुको (प्राकृतिक सम्पति, भौतिक सम्पति, सामाजिक सम्पति, आर्थिक, सम्पति र मानवीय सम्पति) अवस्था र गुणस्तर बारेमा छलफल गरि ती सम्पतिहरुमा पहुँच तथा नियन्त्रणको विश्लेषण गरिएको छ । यी पाँच सम्पतिहरुको अवस्था र गुणस्तरको अध्ययनले समुदाय अनुकूलित हुन हाल भएका स्रोतहरुको विश्लेषण गर्दै अनुकूलन योजना बनाउन थप मद्दत गरेको छ ।

तालिका २२: जीविकोपार्जनका सम्पतिहरुको विश्लेषण

क्र.स.	जीविकोपार्जनको सम्पति	हालका अवस्था र गुणस्तर	भविस्यको अवस्था र गुणस्तर	गुणस्तरको अवस्था बढ्दो (+) वा घट्दो (-) क्रममा	लक्षित वर्गको पहुच (+ वा -)	लक्षित वर्गको नियन्त्रण
वडा -१						
प्राकृतिक सम्पति	खानेपानीको मुहान-१२, वन जंगल, जडिबुटि, बुद्ध मध्यवर्ति क्षेत्र, चरिचरण क्षेत्र, सामुदायिक धारा,	-मुहानमा पानीको कमि हुदै गएको, यार्सागुम्बा लगायत जडिबुटिहरुको ह्रास हुदै गएको, भूक्षय तथा चरिचरण क्षेत्रमा	-खानेपानी मुहान संरक्षण भएको हुने छ। चरिचरण क्षेत्रमा वस्तुभाउको चाप व्यवस्थापन हुनेछ । जडिबुटिको अध्ययन, अनुसनुधान एवं उचित	-	+	+

		घाँसको मात्रा घट्दै गएको	निकासी प्रक्रियाको व्यवस्थापन हुनेछ।			
भौतिक सम्पति	(१) सिमेन-कोमास-साल्दाङ सडक (१५ कि.मि.), केटु सडक (३० कि.मि.) (२) दुई वटा आ.भू विधालय, तिन वटा संस्थागत स्कूल, १२ वटा मन्दिर, १३ वटा गुम्बा, , स्वास्थ्य चौकी, प्रहरी पोस्ट	-बाटो अवस्था राम्रो नभएको -खानेपानी धारा र गुम्बाहरु जीर्ण अवस्थामा रहेको	-गोरेटो बाटो मर्मत तथा सुधार भएको हुने छ। -विद्यालयमा र कार्यालयबाट सेवा राम्रो संग प्रवाह भएको हुने छ। -ऐतिहासिक महत्वका धार्मिक सम्पदाहरुको मर्मत तथा संरक्षण भएको हुने छ।	+	+	+
सामाजिक सम्पति	(१) आमा समुह(२) (२) युवा क्लब (३) महिला बहुउदेश्यीय सहकारी संस्था	-मध्यम रुपमा संचालन रहेको	-पूर्ण रुपमा संचालन भएको हुने छ । -युवा क्लबको लागि सेवा सुविधाहरु प्राप्त मात्रामा उपलब्ध हुने छ। -युवा क्लब सक्रिय भई समुदायको विकासमा अग्रसर रहने छ।	+	+	+
आर्थिक सम्पति	कृषि र पशु पालनमा आबद्ध, सक्रिय जनशक्ति रहेको	-कृषिको लागि सिंचाईको कुलोहरु व्यवस्थित नभएको -कृषि निर्वाहमुखी रहेको	-आधुनिक कृषि प्रणाली मार्फत जीविकोपार्जनमा सुधार भएको हुने छ।	+	+	+
मानवीय सम्पति	एस.एल.सी.पास (२५%), स्नातक (२५%), स्नातकोत्तर (१०%), बौद्ध दर्शनमा विद्यावारिधि (खेन्पो) (५-६ जना), पर्यटकीय गाईड (१), डकर्मी/सिकर्मी (५०%),	-मानवीय सम्पति सन्तोष जनक रहेको	- तालिम तथा अन्य अवसरहरु उपलब्ध भएको हुने छ। - दक्ष प्राविधिक जनशक्ति वृद्धि भएको हुने छ।	+	+	+
वडा-२						
प्रकृतिक सम्पति	खानेपानीको मुहान-(५) बुद्ध मध्यवर्ति क्षेत्र सामुदायिक धारा (६०)	-सामुदायिक धाराहरु बिग्रेको -मुहानको पानी कम हुदै गएको	-खानेपानीको मुहान संरक्षण भएको हुनेछ -सामुदायिक धाराहरु मर्मत भई संचालन हुने छ	+	+	+
भौतिक सम्पति	साल्दाङ-कारङ-कि-निसाल-केटो गोरेटो बाटो, कारङ-भिजेर गोरेटो बाटो, कारंङ-कु, कारङ गोरेटो बाटो, फोत गाउँ	-गोरेटो बाटोहरु भत्केको -बाटोहरु खोलाले कटान गरेको	-गोरेटो बाटो मर्मत हुने छ -स्वास्थ्य सेवा विस्तार हुने छ	+	+	+

	गोरेटो बाटो, आ.भू (२), मन्दिर (१२), गुम्बा (२), स्वास्थ्य चौकी (२), गुम्बा (२), सिंचाई पोखरी (१)	-विद्यालयहरु नियमित रुपमा संचलमा रहेको -स्वास्थ्य सेवा प्रभाह ठिकै रहेको	- थप सिंचाई पोखरी निर्माण हुने छ			
सामाजिक सम्पति	आमा समुह(२) महिला समिति गठन	-आमा समुह सक्रिय नरहेको	-पूर्ण रुपमा संचालन हुने छ	+	+	+
आर्थिक सम्पति	कृषि र पशु पालनमा सक्रिय	-कृषि उत्पादनमा कमि हुदै गएको	-विविध अनुकूलनका उपाय मार्फत जीविकोपार्जनमा वृद्धि भएको हुनेछ	+	+	+
मानवीय सम्पति	एस.एल.सी.पास (२०), स्नातक (२), शिक्षक(५), डाक्टर (१), घर बनाउने मिस्तीरी (६), कृषि तथा व्यवसायी	-जनचेतनाको अभाव -रोजगारीको अभाव	-विभिन्न जनचेतना मुलक कार्यक्रम संचालन हुने छ	+	+	+
वडा ३						
प्राकृतिक सम्पति	बुद्ध मध्यवर्ति, खानेपानी मुहान (५),	-खानेपानी ठिकै अवस्थामा रहेको - केहि धाराहरु जिर्ण रहेको	- मुहान संरक्षण - खानेपानी धारा मर्मत	+	+	+
भौतिक सम्पति	गुम्बा (४), मध्यवर्ती कार्यालय (१), मा.वि. (१), स्वास्थ्य चौकी (१), स्वास्थ्य चौकी भवन (निर्माणधीन), प्रभु बैंक, गाँउपालिका कार्यालय, संचार टावर (१), प्रहरी चौकी (१)	- बाटोको अवस्था ठिकै रहेको - सेवा प्रवाह सन्तोषजनक रहेको	- केहि स्थानमा बाटो मर्मत गर्नु पर्ने - वडा कार्यालय भवन निर्माण गर्नु पर्ने	+	+	+
सामाजिक सम्पति	महिला बहुउदेश्यीय सहकारी संस्था गठन महिला समिति	- हालसालै गठन भएको	- कार्यालय स्थापना भई व्यवस्थित रुपमा संचालन हुने छ	+	+	+
आर्थिक सम्पति	कृषि, पशुपालन र व्यवसाय	- कृषि उत्पादनको सम्भावना राम्रो रहेको	- कृषि वन प्रणाली, कृषि आधुनिकिकरण, ग्रीन हाउस खेती प्रणाली अवलम्बन द्वारा उत्पादनमा वृद्धि हुने छ	+	+	+
मानवीय सम्पति	एस.एल.सी.पास, स्नातक, शिक्षक, घर बनाउने मिस्तीरी, डकर्मी/सिकर्मी प्राप्त जनशक्ति उपलब्ध	-रोजगारीको लागि अन्य स्थान जाने गरेको	-स्थानीय स्तरमा जनशक्तिलाई रोजगारीको अवसर प्रदान गर्नु पर्ने	+	+	+

वडा ४						
प्राकृतिक सम्पति	बुद्ध मध्येवर्ति क्षेत्र खानेपनि मुहान (१०)	- खानेपानीको अवस्था ठिकै रहेको	- केहि खानेपानीको मुहानमा बाढी पहिरो द्वारा क्षेति पुर्याएको -खानेपानीको अवस्था ठिकै रहेको	+	+	+
भौतिक सम्पति	काठे पुल (५), झूलुग्गे पुल (१), पर्यटकीय पद मार्ग (ज्यांगला पास, सागर पास, लग्मो शे पास), वडा कार्यालय भवन, निकुन्ज पोस्ट, मध्यवर्ती कार्यालय, स्वास्थ्य चौकी (२), आ.भू. (२), अस्थाई प्रहरी पोस्ट (१)	- बाटो ठिकै रहेको	- काठे पुल र गोरेटो बाटो जिर्ण रहेको	+	+	+
सामाजिक सम्पति	आमा समुह(३) महिला समुह(१) टासी नम्दो ऋण तथा सहकारी संस्था	-पूर्ण संचालनमा नआएको -गा.पा. द्वारा पूर्ण सहकारी शिक्षा प्रदान भएको	- व्यवस्थित तथा नियमित रुपमा सुचारु हुने छ	+	+	+
आर्थिक सम्पति	कृषि, पशुपालन र व्यवसाय	-कृषि उत्पादन राम्रो रहेको	**-** कृषि तालिम, सहुलियत कार्यक्रम द्वारा कृषि समुहलाई व्यवसायिक कृषि उत्पादनमा प्रोत्साहन गर्ने	+	+	+
मानवीय सम्पति	भेटनरी (४), सिकर्मी/डकर्मी (२), प्रवाधिक (१), सरकारी जागिर (३), नर्स (४), स्नातक (३) स्नातकोत्तर (१), +२ पास (३०%), एस.एल.सी (३०%)	**-**मानव स्रोत राम्रो रहेको -केहि गर्नु पर्छ भन्ने सोच भएको	**-**प्राविधिक जनशक्ति उत्पादनमा वृद्धि भएको हुने छ	+	+	+
वडा ५						
प्राकृतिक सम्पति	मुकपोरांग मध्यवर्ती क्षेत्र खानेपानी मुहान (२) सिंचाई कुलो (४)	-खानेपानी ठिकै रहेको -खानेपानीको गुणस्तरमा कमि आएको	-खानेपानीको आयोजना निर्माण (३० घरधुरीलाई) गर्नु पर्ने -खानेपानी शुद्धिकरणको व्यवस्था गर्नुपर्ने	+	+	+
भौतिक सम्पति	चिज उद्योग (१), काठे पुल (७), वडा कार्यालय,साल्दाङ-भिजेर गोरेटो बाटो, शे-भिजेर गोरेटो बाटो, फोत- भिजेर-कु	**-**वस्तीमा बाटोको अवस्था राम्रो रहेको	- चिज उद्योगमा कार्यरत कर्मचारी लाई तालिमको व्यवस्था हुनेछ	+	+	+

	गाउँ गोरेटो बाटो, संचार टावर (२),आ.भू (१), स्वास्थ्य चौकी' (१), स्वास्थ्य चौकी (निर्माणाधिन),प्रहरी चौकी (१), , हिउ चितुवा संरक्षण समिति,					
सामाजिक सम्पति	महिला समुह(२), महिला सहकारी समुह(१) NGO (Revival of Vijer Dolpa)	-समुहहरु मध्यम रुपमा संचालन रहेको - NGO मार्फत शिक्षा, स्वास्थ्य क्षेत्रमा सहयोग भएको छ	- सक्रिय रुपमा महिला समुहसंचालन गर्ने - महिला लाई सीप मुलक तालिम प्रदान गर्ने - सचेतनामा वृद्धि गर्ने	+	+	+
आर्थिक सम्पति	कृषि, पशुपालन र व्यवसाय	- तरकारी, तोरी, फलफूल खेतीको राम्रो सम्भावना रहेको छ - सिंचाईको व्यवस्था	- अन्य फलफुल तथा तरकारीजन्य वस्तुको उत्पादन संगै बजारीकरणको व्यवस्था भएको हुने छ	+	+	+
मानवीय सम्पति	सकर्मी/डकर्मी तालिम प्राप्त (३-४), प्रविधिक (२), सरकारी जागिर (१), नर्स (१-२),स्नातक (४-५) स्नातकोत्तर (२), +२ पास (९-१०), एस.एल.सी (२०-२५), सिलाई कटाई तालिम (९ जना WWF संस्था मार्फत), उन बुन्ने तालिम (१८ जना, गाउँपालिका मार्फत), पर्यटकीय गाइड (१, WWF), सोलार ग्रिड जडान तालिम प्राप्त (२ जना, WWF), भेक्सीन सम्बन्धि तालिम (२-३ जनालाई, WWF)	- मानव सम्साधनको अवस्था राम्रो रहेको - विभिन्न क्षेत्रमा आबद्ध रहेको	- प्राविधिक सीपमा वृद्धि भएको हुने छ	+	+	+
वडा-६						
प्राकृतिक सम्पति	मध्यवर्ति क्षेत्र खानेपानी मुहान (२) कर्णाली खोला	- खानेपानी तथा सिंचाईको मुहान १ वटा मात्र रहेको - खानेपानीको उपलब्धतामा कमि हुदै गएको	- वैकल्पिक खानेपानी मुहानको निर्माण बाट वस्तीमा खानेपानी वितरण भएको हुने छ - मुहान संरक्षण	-	+	+

भौतिक सम्पति	मुगु जाने पर्यटकीय पद मार्ग, झूलुग्गे पुल (निर्माणधीन), काठे पुल (१), स्वास्थ्य चौकी (१), आ.भू (१), वडा कार्यालय भवन (१), गुम्बा (१)	- बाटोको अवस्था जोखिम र जिर्ण रहेको -- स्वास्थ्य चौकीमा बाट सेवा सुविधा थोरै मात्रामा उपलब्ध भएको - विधालय नियमित रुपमा संचालन नरहेको	- गोरेटो बाटो मर्मत तथा निर्माण हुने छ - स्वास्थ्य चौकीमा नियमित सेवा प्राप्त हुने छ	+	+	+
सामाजिक सम्पति	नभएको	-	-	+	+	+
आर्थिक सम्पति	कृषि र पशु पालन	- निर्वामुखी खेती प्रणाली - जनावर द्वारा खेतीपातीमा क्षति	- कृषि समाग्री अनुदान, सहुलियत कार्यक्रम, घेराबर निर्माण, किसान लाई गा.पा. द्वारा क्षतिपूर्तिको व्यवस्था भएको हुने छ	+	+	+
मानवीय सम्पति	डकर्मी/सिकर्मी, सिलाई बुनाई सम्बन्धि तालिम प्राप्त जनशक्ति	- न्यून मात्रामा मानव सम्पति रहेको	- युवा जन शक्तिलाई रोजगार र सिप विकास तालिमको व्यवस्था	+	+	+
वडा-७						
प्राकृतिक सम्पति	मुकपोरांग मध्यवर्ती क्षेत्र खानेपानी मुहान (२)	- खानेपानीको उपलब्धता ठिकै रहेको	- खानेपानी संरक्षण हुने छ	+	+	+
भौतिक सम्पति	झूलुग्गे पुल (१), अस्थाई वडा कार्यालय भवन, लाहोग्मो-करांग गोरेटो बाटो, हेर्ज-क्याला गोरेटो बाटो, सामुदायिक सोलार ग्रिड (WWF को सहयोग), प्रा.वि. (१), स्वास्थ्य चौकी (१), प्रहरी चौकी (१), गुम्बा (२),	- गोरेटो बाटो बिग्रेको - स्वास्थ्य चौकीबाट नियमित सेवा प्रभाह नभएको	- गोरेटो बाटो मर्मत तथा निर्माण भएको हुने छ	+	+	+
सामाजिक सम्पति	महिला समुह(१), कृषि समुह(१) NGO (The Rising Ku),	- मध्यम रुपम सक्रिय रहेको - NGO द्वारा शिक्षामा काम भईरहेको	- पूर्ण रुपमा संचालन हुने छ	+	+	+
आर्थिक सम्पति	कृषि र पशुमा आबद्ध	- कृषि उत्पादनको सम्भावना रहेको	- स्याउ खेतिलाई प्रबर्द्धन गरिने छ	+	+	+

मानवीय सम्पति	एस.एल.सी.पास (४), +२ (२), Wash सम्बन्धि तालिम (१), सोलार जडान तालिम (१)	- मानवीय अवस्था थोरै रहेको	- प्राविधिक शिक्षा तालिम तथा कार्यक्रम बाट युवा जनशक्ति वृद्धि हुने छ	+	+	+
वडा-८						
प्राकृतिक सम्पति	शे-फोक्सण्डो ताल खानेपानी मुहान (६) मध्यवर्ति क्षेत्र	- खानेपानीको अवस्था ठिक रहेको	- शे-फोक्सण्डो ताल संरक्षणमा सुधार तथा विस्तार भएको हुने छ - खानेपानी मुहान संरक्षण	+	+	+
भौतिक सम्पति	घोरेटे बाटो झुलुग्गे पुल-४ काठे पुल-११ लघु जलविधुत आयोजना (निर्माणधीन), मा.वि.(२), आ.भू (१), मन्दिर (१२), गुम्बा (२), आमा समुह(२), दिदि बहिनि समुह(२), स्वास्थ्य चौकी (१), असथाई प्रहरी पोस्ट (१), स्वास्थ्य ईकाई (१),	- केहि स्थानमा पर्यटकीय पदमार्ग बिग्रेको छ - काठे पुल जिर्ण अवस्था रहेको छ - फोहोरमैला व्यवस्थापनमा कमि - सार्वजनिक शौचालयको अभाव	- गोरेटो बाटो सुधार तथा निर्माण - पर्यटकीय पूर्वाधारमा विस्तार भएको हुने छ	+	+	+
सामाजिक सम्पति	सहकारी समुह(१), सामुदायिक भवन (१), होटेल	- मध्यम रुपमा संचालन	- पूर्ण रुपमा संचालन भएको हुने छ	+	+	+
आर्थिक सम्पति	कृषि, पशुपालन र व्यापारमा (धेरै जनसंख्या पर्यटन व्यापारमा सक्रिय रहेका छन्)	- कृषि उत्पादन राम्रो रहेको छ - तरकारी तथा फलफुलको राम्रो सम्भावना रहेको	-कृषि उत्पादन द्वारा पर्यटन व्यवसायको वृद्धि भएको हुनेछ	+	+	+
मानवीय सम्पति	एस.एल.सी.पास, स्नातक (१०-१५), डाक्टर (१), पर्यटकीय गाईड (२), होटेल सम्बन्धि तालिम प्राप्त (७), कृषि तथा व्यवसायी	- मानवीय सम्पतिको अवस्था राम्रो रहेको	- होटल व्यवसाय तालिम, महिला वर्गलाई सिप मुलक तालिमको व्यवस्था भएको हुने छ	+	+	+
वडा ९						
प्रकृतिक सम्पति	मध्यवर्ति क्षेत्र खानेपानी मुहान (४) ताल (५) कान्जिरोवा हिमाल	- खानेपानीको मुहान सुक्दै गएको	- खानेपानीको मुहान संरक्षण -वृक्षारोपण	+	+	+
भौतिक सम्पति	गोरेटो बाटो,	- गोरेटो बाटो केहि स्थानमा जिर्ण रहेको	-बाटो मर्मत तथा निर्माण	+	+	+

	लघु जल विधुत स्टेशन, मठ-मन्दिर (४), गुम्बा (२), आ.भू (१),					
सामाजिक सम्पति	आमा समुह(१) NGO (१) होटल (१)	मध्यम रुपमा संचालनमा रहेको	- व्यवस्थित रुपमा संचालन हुने छ	+	+	+
आर्थिक सम्पति	कृषि, पशुपालन र व्यापार	-निर्वामुखी कृषि प्रणाली	- कृषि तालिम, समाग्री वितरण, कृषि अनुदान प्रदान हुने छ	+	+	+
मानवीय सम्पति	कृषि मुलक तालिम प्राप्त जनसक्ति (१६), स्नातक (४), स्नातकोत्तर (३), सिकर्मी/, डकर्मी केहि	- मानवीय सम्पति ठिकै रहेको	- रोजगार मुलक तालिम तथा कार्यक्रम संचालन हुने छ	+	+	+

३.११. संकटासन्न वर्ग तथा समुदायमा जोखिमहरुको विश्लेषण

